का. जि. का. दर्ता नं : १०४ / ०५७ / ०५८
म. क्षे. हु. नि. दर्ता नं : ०८ / ०६७ / ०६८

# अपाङ्ग आवाज
## DISABILITY VOICE

वर्ष १८, अङ्क ०९ पूर्णाङ्क २१७, २०७६ पुष

सल्लाहकार
तारा वदन सेंडाई
प्रकाश पन्थ

सम्पादक
शर्मिला विश्वकर्मा

संयोजक
जगदीश प्रसाद अधिकारी

व्यवस्थापक
चन्दा श्रेष्ठ

लेखा प्रमुख
सुनिल वि. क.

कानूनी सल्लाहकार
शशी श्रेष्ठ

प्रमुख संवाददाता
गणेश सुवेदी

स्थानीय प्रतिनिधि
विकास धिताल
राजु रेग्मी
दल बहादुर सुनार
मदन बोहरा
विष्णु कुमारी श्रेष्ठ

लेआउट/डिजाइन/बजार प्रतिनिधि
तारानिधि प्याकुरेल

कभर डिजाइन
Creative
Kamaladi, Kathmandu PH: 9851115202

मुद्रक
सिण्ड्रेला प्रिन्टर्स प्रा. लि.
काठमाण्डौं

प्रकाशक
नेपाल अपाङ्ग मानव अधिकार केन्द्र
केन्द्रीय कार्यलय
नयाँ बस्ती, गगननगर चोक, काठमाण्डौं,
पो. ब. नं: १९४०८
फोन: ०१ ४९११०९२ ४९११०६९
Email: dvoice@dhrcnepal.org.np
Web: www.dhrcnepal.org.np

संस्थागत सहयोग रु. १००/-

## यसभित्र

अपाङ्गता भएका व्यक्तिहरूको अवस्था र अन्तर्राष्ट्रिय मानव अधिकार दिवस — ४

महिला नेतृत्व अपाङ्गता समावेशी जीविकोपार्जन परियोजना गतिविधि — १७

भारतमा सम्पन्न नेत्रहिन क्रिकेट खेलमा नेपाली खेलाडीको सहभागिता — २१

अपाङ्गता भएका महिलाहरुको हिसा सम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक — २७

यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धी अन्तर संवाद कार्यक्रम — ३४

## अपाङ्ग आवाज पत्रिका ज्यादै उपयोगी छ

अपाङ्ग आवाज मासिक पत्रिकाकासम्पूर्ण परिवारमा मेरो नमस्कार । म अपाङ्ग आवाज पत्रिकाको नियमित पाठक हुँ । यस अपाङ्ग आवाज मासिक पत्रिका मार्फत हाम्रो समाजमा रहेका अन्य व्यक्तिहरु तथा सरोकारवाला निकायहरुका व्यक्तिहरुले अपाङ्गता भएका व्यक्तिहरुको अवस्था, चुनौती, अपाङ्गता अधिकार तथा राज्यले उपलब्ध गराएका सेवा सुविधाहरुको विषयमा जान्ने अवसर पाएका छन् । यसले समाज रुपान्तरणको रुपमा वा अपाङ्गता भएका व्यक्तिहरु प्रति गरिने व्यवहारमा सकारात्मक परिर्वतन ल्याउनमा धेरै सहयोग गरेको छ । यस पत्रिकाले ग्रामिण क्षेत्र देखि सहरी क्षेत्र सरकारी पक्ष, अपाङ्गता भएका व्यक्तिहरुको भोगाई पीडा, सफलताका कथाहरु विभिन्न संस्थाहरुको परिचय कामका बारेमा उल्लेख गरिदिने भएको हुदाँ अपाङ्गता भएका व्यक्तिहरुका गतिविधिहरुको विषयमा जान्ने अवसर जुटेको छ । यस अपाङ्ग आवाज मासिक पत्रिकाले अझ धेरै अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई समेट्न सकोस् । साथै यस अपाङ्ग आवाज मासिक पत्रिकाको उत्तर उत्तर प्रगतिको कामना गर्दछु ।

✍ *नविन सिग्देल, कास्की*

## अपाङ्गता अधिकार ऐन २०७४ मा भएका व्यवस्थाहरुको पनि जानकारी गराउनु होला

अपाङ्ग आवाज परिवारमा नमस्कार । मैले यस अपाङ्ग आवाज मासिक पत्रिका रुपमा पढ्दै आएकी छु । अपाङ्गता जगतमा यस अपाङ्ग आवाज मासिक पत्रिकाले विषेश भूमिका खेलेको छ । यो पत्रिकाले अपाङ्गता भएका व्यक्तिहरु मात्र नभएर समाजकमा रहेका हरेक नगरिकहरुलाई जनचेतना जगाउनमा सहयोग गरेको छ । नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७४ ल्याई सकेको छ । यसमा अपाङ्गता भएका व्यक्तिहरुको परिभाषा, प्रकार, अपाङ्गता भएका व्यक्तिहरुको लागि राज्यले उपलब्ध गराएका सेवा सुविधाहरुको विषयमा पनि जानकारी गराएको छ र अबका दिनमा हामी सबैको लोक प्रिय अपाङ्ग आवाज मासिक पत्रिकामा यस ऐनमा भएका व्यवस्थाहरुको बारेमा पनि जानकारी दिनु भएमा अपाङ्गता अधिकार ऐन २०७४ को विषयमा सबैलाई जानकारी हुने थियो । साथै विभिन्न सरोकारवाला निकायका व्यक्तिहरुको पनि अपाङ्गता भएका व्यक्तिहरुका सवालमा ध्यान केन्दि«त हुने थियो । त्यसै गरी केही समय देखि अपाङ्गता भएका बालबालिकाहरुका सवालहरुले अपाङ्ग आवाज मासिक पत्रिकामा स्थान पाएको देखिदैन । अबका दिनमा यस विषयमा पनि ध्यान दिनु हुन अनुरोध गर्दै यस हामी सबैको लोक प्रिय अपाङ्ग आवाज मासिक पत्रिकाको उत्तोर उत्तोर प्रगतीको शुभकामना व्यक्त गर्दछु ।

✍ *सृजना वि.क., स्याङ्जा*

## सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका सवालहरु समावेश गर्नु होला

सम्पादक ज्यू, नमस्कार । मैले यो पत्रिका मार्फत अपाङ्गता सम्बन्धी धेरै जसो उपलब्धी मुलक सामग्रीहरु पढ्न पाएकी छु । त्यसैले मलाई यो पत्रिका ज्यदै राम्रो लाग्छ । यस अपाङ्ग आवाज मासिक पत्रिका हामी सबैको लोकप्रिय पत्रिका हो । यस पत्रिकालाई सातै प्रदेशमा पुऱ्याउन पाए धेरै जसो व्यक्तिहरुले अपाङ्गता भएका व्यक्तिहरुको विषयमा जानकारी लिन पाउने थिए । यसकाा साथै यस अपाङ्ग आवाज मासिक पत्रिकामा अपाङ्गता भएका व्यक्तिहरुको लागि राज्यले उपलब्ध गराएका विभिन्न सेवा सुविधाहरुको बारेमा पनि सामाग्रीहरु समावेश गर्न सकेम अझ राम्रो हुने थियो । यस पत्रिकालाई सबै सरोकारवाला निकायहरु समक्ष पुऱ्याउनु हुन अनुरोध गर्दै यस पत्रिकाको प्रगतीको शुभकामना व्यक्त गर्न चाहन्छु ।

✍ *निरञ्जन सापकोटा, बर्दिया*

सम्पादकीय

# अपाङ्गता भएका महिलाहरूको प्रजनन स्वास्थ्य अधिकारको अवस्था

अन्य महिलाहरू जस्तै अपाङ्गता भएका महिलाहरूको लागि पनि प्रजनन् स्वास्थ्य अधिकार छ। तर विभिन्न चुनौती तथा अवरोधको कारण अधिकांश अपाङ्गता भएका महिलाहरूले प्रजनन् स्वास्थ्य सेवाको उपभोग गर्न पाएको अवस्था छैन । हाम्रा स्वास्थ्य निकायहरू, स्वास्थ्यकर्मीहरु, हाम्रा सूचना सामाग्रीहरू, सेवा प्रदान गर्ने निकायहरु अपाङ्गता अनुकुल नहुदा र समयमा नै उपयुक्त सूचना प्राप्त गर्न नसक्दा अधिकांश अपाङ्गता भएका महिलाहरुले सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकारबाट बञ्चित हुन परेको छ। विभिन्न स्वास्थ्यका सवालहरु मध्ये अन्य नागरिकहरु जस्तै अपाङ्गता भएका व्यक्तिहरु तथा महिलाहरुको प्रजनन् स्वास्थ्य अधिकार पनि एक हो। प्रजनन् स्वास्थ्य अधिकार पूरुष तथा महिला दुबैको सरोकारको विषय हो। अन्य महिलाहरु जस्तै अपाङ्गता भएका महिलाहरुको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सम्बन्धमा विभिन्न जटिलताहरु रहेका छन् । स्वास्थ्य जाँच कै क्रममा अपाङ्गता भएका पुरूषहरुका पनि जटिलताहरु धैरै नै छन्। तर पनि अपाङ्गता भएका महिलाहरुको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यको अवस्था निकै चुनौती पूर्ण रहेको पाइन्छ। स्वास्थ्य जाँचका क्रममा स्वास्थ्य निकायहरुमा जादा त्यहाँ अपाङ्गतामैत्री संरचना हुदैनन भने स्वास्थ्यकर्मीहरु पनि अपाङ्गताको विषयमा जानकार भएको पाइदैन । जाँच गर्ने सामाग्रीहरु अपाङ्गता मैत्री हुदैनन् जसले गर्दा अधिकांश अपाङ्गता भएका महिलाहरुले अन्य स्वास्थ्यका साथै सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सही सदुपयोग गर्न सकेको पाइदैन । हाम्रा अधिकांश अपाङ्गता भएका महिलाहरुले आफु अपाङ्गता भएकै कारण स्वास्थ्य निकायमा गएर जाँच गर्न पाउदैनन्। किनकी त्यहाँका संरचनाहरुमा ह्वीलचियर तथा सहयोगी सामाग्री प्रयोग गर्ने अपाङ्गता भएका महिलाहरु जान सक्दैनन्। ती निकायहरुमा रहेका एक दुई वटा सिँढीहरुले अवरोध ल्याउछ । त्यस्तै गरी बहिरा अपाङ्गता भएका महिलाहरु स्वास्थ्य निकायमा जाँच गर्न जाने क्रममा सञ्चार अभावमा पनि चुनौती हुन्छ । स्वास्थ्यकर्मीहरुलाई अपाङ्गताको विषयमा पूर्ण रुपमा जानकारी नहुदा, समाजमा सामाजिक, राजनीतिक र साँस्कृतिक विभेद हुदा, अपाङ्गता मैत्री संरचना नहुदा, अपाङ्गता भएका महिलाहरुको यौन तथा प्रजनन् सम्बन्धी गलत धारणा, सार्वजनिक रुपमा बहस नहुदा, भएका नीति नियमहरू पूर्ण रूपमा कार्यान्वयन नहुँदा अधिकांश अपाङ्गता भएका महिलाहरूले प्रजनन स्वास्थ्य सेवा लिने क्रममा समस्या भोग्न परेको छ भने अधिकांशले यस्ता सेवा सुविधाको उपयोग गर्न नै पाएका छैनन्। अझै पनि हाम्रो समाजमा अपाङ्गता भएका व्यक्तिहरू प्रतिको नकारात्मक अवधारणाको अन्त्य हुन सकेको छैन । अपाङ्गता भएका महिलाले विवाह पश्चात् किन बच्चा जन्माउनु पर्‍यो भन्ने सोच राख्ने, गर्भावस्थामा उपयुक्त हेरचाह नपाउने, पोषणयुक्त खानाको अभाव, हरेक संरचनाहरु अपाङ्गता मैत्री नहुनु र स्वास्थ्य निकायहरु घर देखि टाढा हुनु र ती पनि अपाङ्गता मैत्री नहुनु, स्वास्थ्यकर्मीहरुले पनि अपाङ्गता भएका महिलाहरुले किन सन्तान जन्माउन पर्‍यो भनेर मनोबल कमजोर पारिदिदा पनि अधिकांश अपाङ्गता भएका महिलाहरुले स्वास्थ्य सेवा लिनबाट बञ्चित भएका छन् । अपाङ्गता भएका महिलाहरुलाई सहज रुपमा प्रजनन् स्वास्थ्य अधिकारको सेवा प्रदान गर्नको लागि विभिन्न स्वास्थ्य निकायहरुमा सबै प्रकारका अपाङ्गताको विषयमा जानकार हुन जरुरी छ । त्यसै गरी उनीहरुको आत्म सम्मान, संवेदनशिलता, उनीहरु प्रति गरिने व्यवहार, उनीहरुको लागि उपयुक्त वातावरणको सृजना, विभिन्न अवसर तथा सहभागिता लगाएतका कुरामा सम्बन्धीत निकायले चासो दिन जरुरी हुन्छ। त्यसै गरी नेपालको संविधान २०७२ को धारा ३५ मा स्वास्थ्यको अधिकार, धारा ३८ मा प्रत्येक महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सम्बन्धि हक हुने व्यवस्था गरेको छ। त्यसै गरी अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धीको धारा २५ मा स्वास्थ्यको अधिकारमा अपाङ्गता भएका महिलाहरुको पहुँच र गुणस्तरलाई ध्यानमा राख्नु पर्ने दायित्व राज्य पक्षलाई तोकेको छ। तर अझै पनि सरकारी अस्पतालहरुमा ह्वीलचियर प्रयोगकर्ता तथा अन्य सहयोगी सामाग्री प्रयोगकर्ता, होचापुड्का लगाएतका अपाङ्गता भएका महिलाहरुलाई सहज हुने गरी अस्पतालका शैयाहरु निर्माण गरिएको पाइदैन । अबका दिनमा राज्य स्तरबाट सबै प्रकारका अपाङ्गता भएका महिलाहरुको प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चितका लागि काम गर्न जरुरी रहेको छ।

# अपाङ्गता भएका व्यक्तिहरूको अवस्था र अन्तर्राष्ट्रिय मानव अधिकार दिवस

हरेक वर्षको डिसेम्बर १० तारिका दिन विश्व भरी नै अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाइने गरिन्छ । यसै क्रममा यर पटक पनि विगतमा जस्तै विभिन्न कार्यक्रमहरुको आयोजना गरेर सप्ताह व्यापी रुपमा डिसेम्बर १० तारिक अर्थात मंसिर २५ गतेका दिन “दिगो विकासको आधार, सबैका लागि मानव अधिकार” भन्ने नारा सहित ७१ औं अन्तराष्ट्रिय मानव अधिकार दिवस सम्पन्न गरियो । यस अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका अवसरमा काठमाण्डौंको भृकुटीमण्डपबाट जनचेतना मुलक र्‍याली निकालिएको थियो । उक्त र्‍याली भद्रकाली, सहिदगेट, वीर अस्पताल हुदै रत्नपार्कमा गएर शुभकामना मन्तव्य पश्चात समापन गरिएको थियो । “दिगो विकासको आधार, सबैका



## अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार सुनिश्चित गराउनु पर्दछ



**विष्णु पुकार श्रेष्ठ, मानव अधिकारकर्मी**

*मानव अधिकार त सबैको लागि हुन्छ किन भने मानव अधिकार भनेको मान्छे हुनुको नाताले जन्म भएर जन्मनुको नाताले प्राप्त गरेको प्राकृतिक अधिकार हो । मानव अधिकारको उपयोगको लागि अपाङ्गता भएका व्यक्तिहरुलाई हामीले छोड्नु हुदैन । उनीहरुका सवालहरुलाई पनि सँगसँगै लैजानु पर्दछ । हरेक वर्ष मनाउदै आइएको अन्तर्राष्ट्रिय मानव अधिकार दिवसले सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई सम्बोधन गर्दै उनीहरुको पनि मानव अधिकार सुनिश्चित गराउनु पर्दछ । हामीले हरेक फोरमहरुमा बोल्ने क्रममा र नीति निर्माण बनाउदा सल्लाह सुझाव दिने क्रममा अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई पनि समावेश गर्नु पर्ने भनेर सल्लाह सुझावहरु दिएका छौ । हामी विगतका दिनमा अपाङ्गता भएका व्यक्तिहरुको सवालहरुमा अगाडि बढि रहेका थियौ र अबका दिनमा पनि हामी अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई प्राथिमकताका साथ अगाडि बढाउन लागि पर्ने छौ । हामी मानव अधिकारकर्मीहरु तथा राज्य स्तरबाट अपाङ्गता भएका व्यक्तिहरुको समानता, सबै अधिकार प्रत्याभूत गरी अवसर प्रदान गरिनु पर्दछ । मानव अधिकार सबैका लगि समान हुनु पर्छ र सबैको लागि मानव अधिकार उपभोग गर्ने परिवेशको सिर्जना गर्नु पर्छ ।*

लागि मानव अधिकार" भन्ने राष्ट्रिय नाराका साथ देश भरी नै मनाईएको ७१ औं अन्तराष्ट्रिय मानव अधिकार दिवसका विभिन्न कार्यक्रमहरुमा विभिन्न समुदाय, वर्गका साथै विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको पनि सहभागीता रहेको थियो । यसरी हामीले अन्तर्राष्ट्रिय रुपमा नै मानव अधिकार दिवस मनाई रहदा अधिकांश अपाङ्गता भएका व्यक्तिहरुले अझै पनि विभिन्न अवरोधको कारण मानव अधिकारको अनुभूती गर्न नपाएको अवस्था छ । यस विषयमा अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरु र मानव अधिकारकर्मीहरुले केही कामको सुरुवात

गरेको भए पनि अधिकांश अपाङ्गता भएका व्यक्तिहरुले पूर्ण रुपमा मानव अधिकारको प्रत्यभूति गर्न पाएको पाइदैन।

राष्ट्रिय मानव अधिकार आयोग लगाएतका मानव अधिकारको क्षेत्रमा काम गर्ने १७१ वटा संस्थाहरुको आयोजनामा काठमाण्डौंमा विभिन्न कार्यक्रमहरुको आयोजना गरिएको थियो। जसमा विभिन्न वर्ग तथा समुदायहरुले

## अपाङ्गता मैत्री संरचना निर्माण गर्नुका साथै अवसर प्रदान गर्नु पर्दछ



***चक्रमान विश्वकर्मा, अधिवक्ता तथा मानव अधिकारकर्मी***

*यस वर्षको ७१ औ अन्तर्राष्ट्रि मानव अधिकार दिवसको अवसरमा सम्पूर्ण समुदायका साथै अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सुनिश्चत होस भन्ने शुभकामना दिन चाहन्छु । अन्य नागरिकिहरु जस्तै अपाङ्गता भएका व्यक्तिहरुले पनि आफ्नो मानव अधिकारको उपयोग गर्न पाउनु पर्दछ । त्यसको लागि अपाङ्गता मैत्री संरचना निर्माण गर्नुका साथै अवसर प्रदान गर्नु पर्दछ । अपाङ्गता भएका व्यक्तिहरुको हक हित र अधिकार स्थापीत गर्नका लागि र उनीहरुको सवालमा काम गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरुको सही तथ्याङ्क संकलन गर्न आवश्यक छ । यस विषयमा अपाङ्गता भएका व्यक्तिहरु, यस क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरु तथा हामी सम्पूर्ण अधिकारकर्मीहरुले अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई प्राथामिकता दिएर काम गर्नु पर्दछ । तब मात्र हामीले हरेक बर्ष मनाउने अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सार्थकता रहने छ । साथै अपाङ्गता भएका व्यक्तिहरुको सवालमा वडा स्तरबाट नै काम गर्नु पर्दछ भने अपाङ्गता भएका व्यक्तिहरुका लागि राज्यले उपलब्ध गराएका सेवा सुविधाहरु उपलब्ध गराउनु तर्फ पनि हामीले काम गर्नुका साथै लोकसेवा आयोगमा आरक्षण उपलब्ध गराउन, स्वास्थ्य सेवा उपलब्ध गराउन, अपाङ्गता अनुकुलको वातावरणमा शिक्षा प्रदान गर्नको लागि राज्यले काम गर्न जरुरी रहेको छ । राज्य स्तरबाट बन्ने नीति नियमहरुमा पनि अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई समावेश गर्नु पर्दछ । अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई राज्य स्तर तथा मानव अधिकारकर्मीहरुले पहिलो प्राथामिकतामा राखेर काम गर्न आवश्यक रहेको छ ।*

सबै नागरिकहरुको हक हित र अधिकार सुनिश्चित गराउनु पर्ने, मानव भएर बाँच्न पाउनु

पर्ने, समाजमा रहेका सबै वर्ग तथा समुदायहरुका सवालहरुलाई समावेश गर्नु पर्ने

## अपाङ्गता अधिकारको लागि हामी साथ दिने छौ



**बिदुर सुवेदी, उपाध्यक्ष, मानव अधिकार एलाइन्स**

*अपाङ्गता भएका व्यक्तिहरुको सवाल उहाँहरुको मात्र नभएर हामी मानव अधिकारकर्मी तथा सबै सरोकारवाला निकायहरुको हो । अन्य नागरिकहरु जस्तै अपाङ्गता भएका व्यक्तिहरुले पनि आफ्नो मानव अधिकारको उपयोग गर्न पाउनु पर्दछ । अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरुको मानव अधिकारको उपयोग गरेर जीवनयापन गर्नको लागि राज्ये पनि अपाङ्गता अनुकूलको सेवा सुविधाहरु उपलब्ध गराउनु पर्दछ र यस कार्यमा सम्पूर्ण मानव अधिकारकर्मीहरुले सहयोग गर्नु पर्दछ । साथै हामी सबैले अपाङ्गता भएका व्यक्तिहरु प्रतिको दृष्टिकोणलाई सकारात्मक बनाउनु पर्छ । हाम्रो समाजमा कतिपय मानिसहरुमा अपाङ्गता भएका व्यक्तिहरुले खासै केही गर्न सक्दैन जुन भ्रम रहेको छ त्यो भ्रमलाई अपाङ्गता भएका व्यक्तिहरुले तोड्नु भएको छ । उहाँहरुले अपाङ्गता अनुकूलको वातावरण पाएमा सबै कार्यहरुमा अर्थ पूर्ण सहभागी भएर मानव अधिकार तथा अन्य सवालमा अगाडि बढ्न सक्नु हुन्छ । अपाङ्गता जति बेला जो कोहीलाई पनि हुन सक्छ त्यसैले अपाङ्गता अनुकूलको संरचना निर्माण गर्न, हरेक कार्यक्रमहरु, नीति योजनाहरुमा अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई छुटाउनु हुदैन । समाजमा पनि अपाङ्गता भएका व्यक्तिहरुको विषयमा जनचेतना जगाउनु पर्दछ भने आ-आफ्ना कार्यलयहरु तथा कार्यक्रमहरुमा अपाङ्गता भएका व्यक्तिहरुलाई पनि समावेश गराउनु पर्दछ । त्यसैले यस बर्षको ७१ औ अन्तराष्ट्रिय मानव अधिकार दिवसको " दिगो विकासको आधार, सबैका लागि मानव अधिकार" भन्ने नारालाई सार्थक बनाउनको लागि अपाङ्गता भएका व्यक्तिहरुलाई पनि सँगसँगै लैजानु पर्दछ । अपाङ्गता भएका व्यक्तिहरुहरुको मानव अधिकार सुनिश्चित गर्नको लागि हामी हाम्रो तर्फबाट सक्दो सहयोग गर्ने छौ । अधिकारकर्मीहरुले अपाङ्गता भएका व्यक्तिहरुका सवालमा आवश्यक सहयोग गर्ने छौ ।*

मागहरु प्रस्तुत गरेका थिए। विगतको तुलनामा यो पछिल्लो समयमा अपाङ्गता भएका व्यक्तिहरु प्रति केही सकारात्मक परिर्वतन आएको पाइएता पनि सबै प्रकारका अपाङ्गता

## अपाङ्गता भएका व्यक्तिहरुले मानव अधिकारको प्रत्याभूती गर्न पाएका छैनन्



**रमा ढकाल, उपाध्यक्ष, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल**

*हामीले हरेक वर्ष अन्तर्राष्ट्रिय रुपमा नै मानव अधिकार दिवस मनाउदै आएका छौं । मानव अधिकार दिवसका यस्ता विभिन्न कार्यक्रमहरुमा अपाङ्गता भएका व्यक्तिहरुको सहभागीता पनि हुने गरेको छ तर पनि सन्तोषजनक रुपमा सबै अपाङ्गता भएका व्यक्तिहरुले पूर्ण रुपमा मानव अधिकारको उपयोग गर्न पाएको पाइदैन । हामी अपाङ्गता भएका व्यक्तिहरुले अन्य नागरिक सरहको सेवा सुविधाहरु प्राप्त गर्न सकेका छैनौं । अपाङ्गता मैत्री भौतिक संरचना, शिक्षण संघ संस्थाहरु अपाङ्गता मैत्री नहुदा, समाजमा अझै पनि अपाङ्गतालाई कमजोरीको रुपमा लिने प्रचलनको अन्त्य हुन नसक्दा यस्ता सेवा सुविधाहरु लिनबाट बञ्चित हुन परेको छ । हामी अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुले अपाङ्गताको सवालमा जति नै आवाज उठाएता पनि अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई पूर्ण रुपमा संबोधन गर्न सकिएको अवस्था छैन । त्यसैले अन्य नागरिकहरुको तुलनामा अधिकांश अपाङ्गता भएका व्यक्तिहरुले पूर्ण रुपमा मानव अधिकारको अनुभूती गर्न पाएका छैनन् । कतिपय अपाङ्गता भएका महिलाहरुले विभिन्न हिंसाको शिकार हुन परेको छ । उनीहरुले न्याय प्राप्त गर्न सकेका छैनन् । सीप भएर पनि रोजगारबाट बञ्चित हुन परेको अवस्था छ । मानव अधिकारकर्मीहरुले अपाङ्गता भएका व्यक्तिहरुको संवेदनशिलतालाई बुझ्न नसकेको कारणले पनि हामीहरु मानव अधिकारबाट बञ्चित हुन परेको हो । अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार सुनिश्चित गर्नका लागि सब मानव अधिकारकर्मीहरु तथा अपाङ्गता भएका व्यक्तिहरु र राज्य एक जुट भएर हाम्रा सवाललाई संबोधन गर्न सकेमा मात्र अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकारको सुनिश्चितता हुने छ नत्र भने नारामा मात्र सिमित हुने छ ।*

भएका व्यक्तिहरुका सवालहरु समावेश हुन सकेका छैनन् । हाम्रा अधिकांश भौतिक संरचनाहरु अपाङ्गता अनुकुलका छैनन् । अझै पनि पूर्ण रुपमा अपाङ्गता भएका व्यक्तिहरु प्रतिको सामाजिक रुपमा सकारात्मक परिर्वतन आउन सकेको छैन । मानव अधिकारको कुरा गरिरहदा अन्य नागरिकहरुको तुलनामा अझै पनि सबै

## अपाङ्गता अनुकूलको वातावरणको निर्माण गर्न आवश्यक छ



**गिता न्यौपाने, परामर्श दाता, महिला आधारसिला**

*मानव अधिकार भन्नाले सम्पूर्ण मानिसहरुको अधिकारलाई समेट्नु पर्छ त्यसमा पनि अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सुनिश्चित हुन जरुरी छ । अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार सुनिश्चतका लागि हामी सम्पूर्ण मानव अधिकारकर्मीहरुको साथ र सहयोगको जरुरी हुन्छ । अन्य नागरिकको तुलनामा आवश्यकता अनुसारको सेवा सुविधाहरु उपलब्ध गराउनु पर्दछ । अपाङ्गता भएका व्यक्तिहरु कमजोर र घर परिवार तथा राष्ट्रको बोझ होइनन् । अवसर पाएको खण्डमा उनीहरुले देश विकासमा योगदान दिन सक्छन् भने नेपाललाई विश्व सामु चिनाएका पनि धेरै उहारहणहरु हाम्रो सामु रहेका छन् । हामीले उनीहरुलाई हेला घृणा गर्नु हुदैन । अन्य नागरिकहरु सरहको अवसरहरु प्रदान गर्नु पर्दछ । अपाङ्गता अनुकूलको वातावरणको निर्माण गर्न आवश्यक छ । हामीले हाम्रो संस्था मार्फत पनि अपाङ्गता भएका व्यक्तिहरुको हक हित र अधिकारका साथै उनीहरुका सवालहरुमा वकालत तथा पैरवी गर्दै आएका छौं । राज्य स्तरबाट पनि अपाङ्गता भएका व्यक्तिहरुको क्षमता अभिवृद्धि, रोजगार लगाएतका सवालमा काम गर्नु पर्दछ भने बनेका नीति नियमहरु अपाङ्गता मैत्री हुनु पर्दछ र अब बन्ने नीति नियम तथा ऐन कानूनमा अपाङ्गता भएका सवालहरुलाई विशेष प्राथामिकता दिन जरुरी रहेको छ । सम्पूर्ण मानवहरु जस्तै अपाङ्गता भएका व्यक्तिहरुको पनि मानव अधिकारको सुनिश्चितता हुन जरुरी छ । हाम्रो संस्था अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार सुनिश्चित गर्नका लागि वकालत गर्न सधै तत्पर रहेको छ ।*

## अपाङ्गता भएका व्यक्तिहरुलाई सहभागी गराउनु पर्दछ



मिना विष्ट, व्यवस्थापक, जागरण नेपाल

*हामीले अन्य व्यक्तिहरुको लागि काम गरी रहदा अपाङ्गता भएका व्यक्तिहरुका विभिन्न सवालमा पनि काम गरेका छौं । उहाँहरुका सवालाई उठाएका छौं । अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगार लगाएतका सवालमा हामीले अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्था मार्फत काम गरेका छौं । अबका दिनमा पनि अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको लागि हामी हाम्रो तर्फबाट आवश्यक वकालत तथा पैरवी गर्ने छौं । राज्यले उपलब्ध गराउने हरेक सेवा सुविधाहरुमा अपाङ्गता भएका व्यक्तिहरुलाई सहभागी गराउनु पर्दछ भने अपाङ्गता भएका व्यक्तिहरु प्रति हामी सबैको दृष्टिकोण सकारात्मक राख्न आवश्यक रहेको छ । राज्यका विभिन्न सेवा सुविधामा अपाङ्गता भएका व्यक्तिहरुलाई पहिलो प्राथिमकता दिन आवश्यक रहेको छ भने राज्यका हरेक निकायहरुमा अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई संबोधन गरिनु पर्दछ । अबका दिनमा पनि सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार तथा अन्य सवालमा वकालत गरिरहने छौं ।*

प्रकारका अपाङ्गता भएका व्यक्तिहरुले पूर्ण रुपमा मानव अधिकारको उपयोग गर्न पाएको पाइदैन । मानव अधिकार सुनिश्चितताका लागि केही कामहरु भए पनि पूर्ण तथा अति असक्त अपाङ्गता भएका व्यक्तिहरुले मानव अधिकारको प्रत्याभूत गर्न नपाएको अवस्था छ । अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार सुनिश्चित गर्नका लागि बनेका नीति नियमहरुलाई पूर्ण रुपमा कार्यन्वयन हुन नसक्दा पनि मानव अधिकरको अनुभूति गर्न नपाएको अवस्था छ । मानव अधिकार सबैको अधिकार भएको र अपाङ्गता भएका व्यक्तिहरुले अपाङ्गता मैत्री संरचना नहुदा उनीहरुले मानव अधिकारको प्रत्याभूति गर्न पाएका छैनन् । अपाङ्गता मैत्री भौतिक संरचना नहुदा अधिकांश अपाङ्गता भएका व्यक्तिहरुले चाहे

# अपाङ्गता भएका व्यक्तिहरुको सुरक्षा हुन जरुरी छ



**समिर नेपाल, वरिष्ठ उपाध्यक्ष, मानव अधिकार एलाइन्स**

*अन्य नागरिकहरुलाई जस्तै अपाङ्गता भएका व्यक्तिहरुलाई पनि मानव अधिकारको आवश्यकता हुन्छ । हामीले मानव अधिकारको क्षेत्रमा काम गर्ने क्रममा अपाङ्गताको प्रकार र गम्भिरतालाई विशेष ध्यान दिनु पर्दछ । अपाङ्गता भएका व्यक्तिहरुको सुरक्षा हुन जरुरी छ । उहाँहरुका लागि राज्यले आवश्यकता अनुसारको सेवा सुविधा उपलब्ध गराउनु पर्दछ । राज्यका हरेक निकायहरुमा अपाङ्गता भएका व्यक्तिहरुको सहभागीता हुन जरुरी रहेको छ भने मानव अधिकारकर्मीहरुले अपाङ्गता भएका व्यक्तिहरुको विषयमा चासो दिएर आवश्यकता पहिचान गरेर संबोधन गर्न जरुरी हुन्छ । तब मात्र हामी मानव अधिकारकर्मीहरुले अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकारका सवालमा काम गर्न सक्छौं । राज्य स्तरबाट नीति नियम तथा कानूनहरु निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुको पहिचान गरी समावेश गरेर आवश्यकता अनुसारको सेवा सुविधा प्रदान गरिनु पर्दछ । अपाङ्गता मैत्री संरचनाहरु निर्माण गर्नका लागि हामी सबैले ध्यान दिन पनि आवश्यक रहेको छ । हामी अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकारको लागि सधै सहयोग गर्न तयार छौ ।*

अनुसारको शिक्षा, रोजगारी, स्वास्थ्य सेवा तथा सामाजिक कार्यहरुमा पूर्ण रुपमा सहभागी हुन नसकेको अवस्था रहको छ।

देश निर्माणका कार्य सम्पन्न गने क्रममा तथा योजनाहरु बनाउदा अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई पनि समावेश गर्ने हो भने र अपाङ्गता भएका व्यक्तिहरुको पनि सहभागीतालाई पूर्ण रुपमा स्थान दिने नीति नियम बनाउने हो भने र सोही अनुसारको संरचना निर्माण गर्नुका साथै कार्यक्रमहरु बनाउन तर्फ लाग्ने हो भने अपाङ्गता भएका व्यक्तिहरुले पनि मानव अधिकारको अनुभूती गर्न सक्ने थिए। अन्तर्राष्ट्रिय रुपमा नै मानव अधिकार दिवस मनाउन थालेको आज ७१ वर्ष हुँदा पनि अपाङ्गता भएका व्यक्तिहरुले पूर्ण रुपमा आफ्नो मानव अधिकारको अनुभव गर्न सकेको अवस्था छैन । ७१ औं अन्तर्राष्ट्रिय मानव दिवसका अवसरमा

## हामी सधै अपाङ्गता भएका व्यक्तिहरुका सवालमा काम गर्छौं



**कृष्ण सुवेदी, अध्यक्ष, चाईल्ड नेपाल**

*मानव अधिकारको सवाल एक जना व्यक्ति मात्र नभएर सम्पूर्ण मानवको सवाल हो । मानव अधिकारबाट कोही पनि बञ्चित हुनु हुदैन । यसको लागि हामी सबै मानव अधिकारकर्मीहरुले आवश्यक सहयोग गर्नु पर्दछ । आफ्ना कार्यक्रमहरुमा अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई समावेश गरेर अपाङ्गता अनुकूलका कार्यक्रमहरु तयार गर्न जरुरी छ । अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार रक्षाका लागि राज्य तथा सरोकारवाला निकायहरुलाई सचेत गराउन पनि आवश्यक रहेको छ र हामीले हाम्रो संस्था मार्फत विगतमा पनि अपाङ्गता भएका व्यक्तिहरुको सवालमा काम गर्दै आएक थियौं र अब पनि उहाँहरुको लागि आवश्यक काम गर्ने छौं । हाम्रो साथ र सहयोग सधै अपाङ्गता भएका व्यक्तिहरुको लागि हुने छ । राज्य स्तरमा पनि अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई संविधान मार्फत संबोधन गरेको छ । विभिन्न मानव अधिकारकर्मीहरुले पनि आफ्ना कार्ययोजनाहरुमा अपाङ्गता भएका व्यक्तिहरुमा सवालहरुलाई समावेश गरेका छौं । हामीले हरेक वर्ष मानव अधिकार दिवस मनाउछौ, मानव अधिकारका सवालमा महाभेला गर्ने गरिन्छ तर पनि हाम्रो समाजका अभिन्न अंगहरु अपाङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक, बालबालिकाहरुले पूर्ण रुपमा मानव अधिकारको प्रत्याभूति गर्न पाएको पाइदैन । अबका दिनमा यस्ता सवालहरुलाई प्राथामिकता दिएर काम गर्न आवश्यक रहेको छ । अपाङ्गता मैत्री भौतिक संरचना निर्माणका विषयमा पनि मानव अधिकारकर्मी तथा राज्य स्तरबाट काम गरिनु आवश्यक रहेको छ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको संरक्षणको लागि म आफुलाई नजिकै छु जस्तो लाग्छ र ७१ औ अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरुको सवालहरु अबका दिनमा संबोधन गरियोस् र सबै संरचनाहरु अपाङ्गता मैत्री हुन भन्ने शुभकामना दिन चाहन्छु ।*

काठमाण्डौंमा विभिन्न मानव अधिकारकर्मीहरुको सहभागितमा ११ औं मानव अधिकार राष्ट्रिय महाभेला पनि गरियो। नेपालमा यो महाभेला वि.स. २०६८ साल

देखि गर्न थालिएको हो। कतिपय अपाङ्गता भएका व्यक्तिहरु अझै पनि राजनीतिक, नागरिक, आर्थिक, सामाजिक, साँस्कृतिक, शिक्षा, स्वास्थ्य, रोजगारी लगाएतका अधिकारबाट बञ्चित भएका छन्। आगामी दिनमा अपाङ्गता भएका व्यक्तिहरुका यस्ता अधिकारहरु सुनिश्चित गर्नका लागि मानव अधिकारको क्षेत्रमा काम गर्ने विभिन्न निकायहरु तथा मानव अधिकारकर्मीहरुले पहल गर्न जरुरी छ । अपाङ्गता भएका व्यक्तिहरुको लागि राज्य तथा मानव अधिकारकर्मीहरुले अपाङ्गता अनुकुलको

## अपाङ्गता अधिकारको लागि पैरवी तथा वकालत गर्न जरुरी छ



**चरण प्रसाँई, मानव अधिकारकर्मी**

*हाम्रो समाजमा अन्य व्यक्तिहरुको तुलनामा अपाङ्गता भएका व्यक्तिहरुका सवालहरु ओझेलमा परेका छन् । उनीहरु अनुकूलको वातावरण, भौतिक संरचना तथा सेवा सुविधाहरु उपलब्ध हुन सकेका छैनन् । अहिले पनि समाजमा अपाङ्गता भएका व्यक्तिहरुलाई कमजोरको रुपमा हेर्ने गरिन्छ । तर हामीले अपाङ्गता भएका व्यक्तिहरुको लागि अवसर प्रदान गरिनु पर्दछ । आवश्यक सेवा सुविधा उपलब्ध गराउनको लागि पैरवी तथा वकालत गर्नु पर्दछ । राज्यक नीति तथा कार्यक्रमहरुमा अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई समावेश गर्न आवश्यक रहेको छ । विगतको तुलनामा अपाङ्गता भएका व्यक्तिहरुको सवालमा धेरै काम भएको छ तर पनि पूर्ण रुपमा उहाँहरुले सेवा सुविधा प्राप्त गर्न सक्नु भएको छैन भने कतिपय अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो मानव अधिकरको उपयोग गर्नको लागि पनि चुनौती रहेको छ । अपाङ्गता भएका व्यक्तिहरुका सवाललाई राज्यले विशेष प्राथामिकता दिएर काम गर्न जरुरी रहेको छ । अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार प्रत्याभूतीको लागि हामी मानव अधिकारकर्मीहरुको साथ र सहयोग हुन जरुरी रहेको छ । अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार सुनिश्चित गर्नका लागि हामी निरन्तर लागि रहेका छौं र अबका दिनमा पनि अपाङ्गता भएका व्यक्तिहरुको हक हित र अधिकारको लागि काम गर्ने छौ ।*

## अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सुनिश्चितको लागि काम गर्ने छौं



**जिताराम लामा, अध्यक्ष, गैरसरकारी संस्था महासंघ नेपाल तथा संयोजक ११ औ राष्ट्रिय मानवअधिकार महाभेला**

*मानव अधिकार भनेको सबै नागरिकहरुको अधिकार हो । हामी मानव अधिकारकर्मीहरुले समाजमा जुन समुदाय पछाडी परेको छ, जसका सवालहरुलाई सरकारी तथा गैर सरकारी निकायहरुबाट सही ढंगले संबोधन हुन सकेका छैनन् । उनीहरुका लागि काम गर्नु पर्दछ । अहिलेको सन्दर्भमा सबैभन्दा बढी मानव अधिकार हनन् भएको र मानव अधिकार प्रत्याभुत गराउनु पर्ने समुदाय भनेको अपाङ्गता भएका व्यक्तिहरु हुनु हुन्छ । उहाँहरुले अपाङ्गता मैत्री भौतिक संरचनाको अभाबमा सहज ढंगले जीवन यापन गर्न पाउनु भएको छैन, आवश्यक शिक्षा लिनबाट बञ्चित हुन परेको छ । रोजगारीबाट विमुख हुन परेको छ । विभिन्न हिंसा सहन परेको छ । अब हामी सबैले नागरिकहरु जस्तै अपाङ्गता भएका व्यक्तिहरुका यस्ता सवालहरुमा काम गर्नु पर्दछ । हाम्रा हरेक कार्यक्रमहरुमा अपाङ्गता भएका व्यक्तिहरुको अर्थपूर्ण सहभागीता गराउनु पर्दछ र उनीहरुका हरेक सवालहरुलाई संम्बोधन गर्न आवश्यक छ । अपाङ्गता भएका व्यक्तिहरुको सवालमा विगतका दिनमा भन्दा यो पछिल्लो चरणमा केही कामहरु त भएका छन् तर पनि अबका दिनमा अझै काम गर्न आवश्यक रहेको छ । हामी हाम्रो संस्था तथा विभिन्न मानव अधिकारकर्मीहरुको साथ र सहयोग मार्फत अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सुनिश्चितको लागि काम गर्ने छौं । सबैको मानव अधिकार सुनिश्चत गर्न सकेमा मात्र मानव अधिकार दिवसको सार्थकता रहने छ । अपाङ्गता भएका व्यक्तिहरुमा मानव अधिकार हननका घटनाहरु धेरै भएको अवस्था छ । त्यसो हुन नदिनका लागि हामीले काम गर्ने छौं ।*

वातावरण निर्माण गरी आवश्यक सेवा सुविधा उपलब्ध गराउनु पर्ने जरुरी रहेको छ । अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा ११ औं मानव अधिकार राष्ट्रिय महाभेला २०७६ ले नेपालको सन्दर्भमा “दिगो विकासको आधार, सबैका लागि मानव अधिकार” भन्ने राष्ट्रिय नारातय गरी विभिन्न कार्यक्रमका साथ विश्व मानव अधिकार दिवस मनाइयो । संयुक्त राष्ट्रसंघको अगुवाइमा विश्वमा दिगो विकास गर्ने उदेश्यका साथ

प्रस्तुत गरिएका दिगो विकास एजेण्डाहरुलाई समेटिएको छ। यी एजेण्डाहरुमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई पूर्ण रुपमा समावेश गर्न जरुरी देखिन्छ। यो अन्तराष्ट्रिय मानव अधिकार दिवसले अपाङ्गता भएका व्यक्तिहरुको लागि सबै अधिकार प्रत्याभूति हुने र पहुँचयुक्त वातावरण निर्माणका लागि विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरु, मानव अधिकारकर्मीहरु तथा अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाका प्रतिनिधिहरुका साथै राज्यको पनि साथ र सल्लाह सुझाबको आवश्यक हुन्छ। मानव अधिकारको विश्वव्यापी घोषणा सन् १९४८ डिसेम्बर १० मा भए पछि विश्वभरी नै यो दिवसलाई अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको रुपमा मनाउन थालिएको पाइन्छ। सन् २००९ भन्दा पछि मात्र यस्ता दिवसहरुमा अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता हुदै



आएको र अपाङ्गताका सवालहरुलाई उठाउन थालिएको पाइन्छ । पछिल्लो केही समय एता मानव अधिकारको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुले पनि अपाङ्गताका सवालहरुलाई समावेश गर्ने, उनीहरुको हक हित र अधिकारको लागि सहकार्य गर्ने, विभिन्न चरणका आन्दोलनहरुमा साथ दिदै आएका छन् । तर पनि सबै निकायहरुमा अपाङ्गता भएका व्यक्तिहरुका सबै सवालहरु पूर्ण रुपमा कार्यन्वयन हुन सकेको छैन । यसरी हरेक वर्षको डिसेम्बर १० तारिकका दिन अन्तराष्ट्रिय स्तरमा नै मानव अधिकार दिवस मनाइरहदा पछिल्लो चरणमा अपाङ्गता भएका व्यक्तिहरुका लागि विभिन्न नीति नियम तथा ऐन कानूनहरु बनेका छन् । तर ती बनेको नीति नियमहरु पूर्ण रुपमा कार्यन्वयन हुन सकेका छैनन् । कतिपय मानव अधिकारको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाका कार्यक्रमहरुमा पनि अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई समावेश गर्न नै बाँकी रहेको र केही समावेश भएता पनि अपाङ्गताको गम्भिरतालाई समावेश गर्न नसकेको अवस्था छ । नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धी पनि अनुमोदन गरि सकेको छ । त्यसै गरी अपाङ्गता भएका व्यक्तिहरुको लागि भैतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९ ल्याएको छ । त्यो निर्देशिका अनुरुपको भवन निर्माण हुन सकेको छैन । त्यसै गरी नेपालको संविधान २०७२ मा पनि अपाङ्गता भएका व्यक्तिहरुका लागि नीति नियमहरु समावेश गरिएको छ । अबका दिनमा यस्ता ऐन कानून तथा नीति नियमहरुमा समावेश गरिएका व्यवस्थाहरुलाई पूर्ण रुपमा कार्यन्वयन गर्न सकेमा मात्र अपाङ्गता भएका व्यक्तिहरुले मानव अधिकारको अनुभूति गर्ने छन् र हरेक वर्ष मनाइने अन्तराष्ट्रिय मानव अधिकार दिवसको सार्थकता रहने छ ।यस अन्तर्राष्ट्रिय मानव अधिकार दिवसले अपाङ्गता भएका व्यक्तिहरुको लागि अपाङ्गता मैत्री वातावरण तयार गर्न र उनीहरुको मानव अधिकार सुनिश्चित गर्नका लागि सबै अधिकारकर्मीहरु एक जुट भएर काम गर्न जरुरी रहेको छ ।

# महिला नेतृत्व अपाङ्गता समावेशी जीविकोपार्जन परियोजना गतिविधि

नेपाल अपाङ्ग मानव अधिकार केन्द्र सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको हक हित र अधिकारको लागि काम गर्ने एक गैर सरकारी संस्था हो। यो संस्थाले सन् २०१८ को जुलाई देखि सन् २०२१ सम्मको लागि यूके.एड्को आर्थिक सहयोग र डि.डि.पी.को साझेदारी तथा धादिङ्ग जिल्लामा रहेको अपाङ्ग कल्याण संघको सहकार्यमा “महिला नेतृत्व अपाङ्गता समावेशी जीविकोपार्जन परियोजना” सञ्चालन गरेको छ।

यो परियोजना धादिङ्ग जिल्लाको निलकण्ठ नागरपालिकाकाको ३, १० र ११ वडा, गल्छि गाँउपालिकाको २, ३, ५ र ६ वडा, सिद्धलेक गाँउपालिकाको १ देखि ७ वडा, र गजुरी गाँउपालिकाको १, २ र ६ नं वडाका अपाङ्गता भएका व्यक्तिहरु र महिलाहरुको आय–आर्जनमा वृद्धि हुने गरी जीवन यापन सहज बनाउने उदेश्यले सञ्चालन गरिएको छ। नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले यूके.एड्को आर्थिक सहयोग र डि.डि.पी. यूकेको साझेदारी तथा धादिङ्ग जिल्लामा सञ्चालन गरेको “महिला नेतृत्व अपाङ्गता समावेशी



जीविकोपार्जन परियोजना" अन्तर्गत अपाङ्गताका सवालमा पछिल्लो चरणमा गल्छि गाँउपालिकाको वडा नं ५ र गजुरी गाँउपालिकाको वडा नं २ मा पनि यो परियोजना सञ्चालन गरेर २ वटा वडालाई थप गरी हाल १७ वटा वडामा काम गरिएको छ । यो परियोजना अन्रतगत अपाङ्ग कल्याण संघ धादिङले केही समुहहरुलाई विऊ पुँजीको रुपमा केही रकम पनि प्रदान गरि सकेको छ । सो समुहले व्यक्तिहरु छनौट गरी रु १२ हजार रुपैया उपलब्ध गराएर आय–आर्जन गरी स्वरोजगार हुनको लागि सहयोग गर्दै आएको छ । यो परियोजना अपाङ्ग कल्याण संघ धादिङ्को सहकार्यमा धादिङ् जिल्लामा रहेका अपाङ्गता भएका व्यक्तिहरु, महिलाहरु, एकल महिला तथा अपाङ्गता भएका व्यक्तिहका घर परिवारको आर्थिक स्तर उकास्ने उदेश्यले सञ्चालन गरिएको हो । यस परियोजनाले लक्षित वर्गको लागि के कस्ता कार्यक्रमहरु सञ्चालन गरिएको छ, ती कार्यक्रमहरु कति प्रभावकारी रहेका छन् र ती कार्यक्रमबाट सेवा प्राप्त व्यक्तिहरुले के कस्ता व्यवसायहरु सञ्चालन गरेर जीवन यापनको लागि कत्तिको सहज भएको छ भनेर समय समयमा डि.डि.पी. यूके, नेपाल अपाङ्ग मानव अधिकार केन्द्र, अपाङ्ग कल्याण संघद्वारा अनुगमन पनि गर्ने गरिन्छ । यसै क्रममा मिति २०७६ साल मंसिर ५ गते देखि ७ गते सम्म डि.डि.पी. यूकेका निर्देशक कमला आचु, नेपाल अपाङ्ग मानव अधिकार केन्द्रका कार्यकारी निर्देशक जगदिश प्रसाद अधिकारी, परियोजना संयोजक चन्दा श्रेष्ठ, लेखा अधिकृत सुनिल वि.क., अपाङ्ग कल्याण संघ धादिङ्ग कार्यरत परियोजना अधिकृत सुदिप दुवाडीले लक्षित वर्गहरुले सञ्चालन गरेका जीविको पार्जन कार्यक्रमको अनुगमन गर्नु भएको थियो । अनुगमनका क्रममा धादिङ्ग जिल्लाको सिद्धलेक गाँउपालिक वडा नं ५ निवासी विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरु झकनारायण श्रेष्ठ, जुठे श्रेष्ठ, विनोद श्रेष्ठ र मिस्टर बहादुर श्रेष्ठको घरमा गएर उहाँहरुसँग प्रत्यक्ष भेट गरी यो परियोजनाले आफ्नो जीवनमा कत्तिको सहजता ल्याएको छ र आगामी दिनमा यस परियोजना मार्फत प्राप्त रकमले के व्यवसाय गर्ने भनेर पनि सोधिएकोमा उहाँहरुले यस परियोजना मार्फत प्राप्त रकमबाट केहीले किराना पसल सञ्चालन गरिएको र कोहीले बाख्रा तथा भैसी पालन गरेको र अबका दिनमा पनि यस व्यवसायबाट प्राप्त रकमले थप व्यवसाय सञ्चालन गर्ने बताउनु भएको थियो । अनुगमनका क्रममा अपाङ्ग कल्याण संघ धादिङ्का कर्मचारीहरु तथा सामाजिक परिचालकहरुलाई

नेपाल अपाङ्ग मानव अधिकार केन्द्र काठमाण्डौंमा कार्यरत “महिला नेतृत्व अपाङ्गता समावेशी जीविकोपार्जन परियोजना” संयोजक चन्दा श्रेष्ठले परियोजना अन्र्तगत सहकार्य र सहजीकरण कसरी गर्ने तथा तथ्याङ्क संकलनको विषयमा तालिम दिनु भएको थियो । यसै क्रममा सहमागी सामाजिक परिचालकहरुले अहिले सम्म यस परियोजना अन्र्तगत सम्पन्न गरेका गतिविधिहरु, चुनौती तथा सिकाई, काम गर्दाको अनुभवका बारेमा बताउनु भएको थियो भने धादिङ् जिल्लामा कार्यरत परियोजना अधिकृत सुदिप दुवाडीले परियोजना मार्फत अहिले सम्म सम्पन्न गरिएका गतिविधिहरुको बारेमा प्रस्तुती गर्नु हुदै हाल सम्म ३६ वटा समुहहरु निर्माण भएको र २५० जनालाई जीविकोपार्जनको लागि सहयोग गरेको बताउनु भएको थियो । सोही क्रममा डि.डि.पी. यूकेका निर्देशक कमला आचुले यो परियाजना मार्फत अपाङ्गता भएका व्यक्तिहरु, उनीहरुका परिवार तथा अन्य लक्षित वर्गहरुको जीवनयापनमा सहजता हुने बताउदै यस परियोजना सफल बनाउनको लागि सबै सरोकारवाला निकायहरुको पनि साथ र सहयोगको आवश्यक रहेको बताउनु भयो । नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले यूके.एड्को आर्थिक सहयोग र डि.डि.पी.को साझेदारी तथा धादिङ्ग जिल्लामा सञ्चालन गरेको “महिला नेतृत्व अपाङ्गता समावेशी जीविकोपार्जन परियोजना” अन्तर्गत परियोजनाको सल्लाहकार समिति बैठक पनि सम्पन्न गरियो । सो बैठकमा परियोजना मार्फत गरिएको त्रैमासिक गतिविधिको जानकारी गराइनुका साथै त्रैमासिक कार्ययोजनाको बारेमा पनि छलफल भएको थियो । यसै क्रममा यो परियोजनालाई सफल बनाउनको लागि स्थानीय तहका प्रतिनिधिहरुले आवश्यक सहयोग गर्दै आएको र अबका दिनमा पनि उक्त सहयोगलाई निरन्तरता दिनुका साथै ती क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक सहयोग गर्ने र आफ्ना कार्यक्रमहरुमा अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई समावेश गर्ने प्रतिवद्धता पनि व्यक्त गर्नु भएको थियो । सो परियोजना अनुगमनका क्रममा गरिएको छलफल कार्यक्रममा धादिङ् जिल्ला सिद्धलेक गाँउपालिकाका उपाध्यक्ष कमला शर्मा, गजुरी गाँउपालिकाका उपाध्यक्ष सीता ढुङ्गाना, निलकण्ड नगरपालिकाका उपमेयर मनराज भण्डारी, बारएशोसियशन धादिङ्का पूर्व अध्यक्ष तथा अधिवक्ता विश्वराज अधिकारी, नेपाल अपाङ्ग महिला संघ धादिङ्का अध्यक्ष सम्झना रिजाल, निलकण्ठ नगरपालिकाका महिला तथा बालबालिका शाखा अधिकृत निर्मला के.सी. लगाएतको सहभागीता रहेको थियो ।

# अपाङ्गता भएका व्यक्तिहरुको २८ औ दिवसमा स्वागतम्



✍ तारावदन सेडाई, अध्यक्ष,
नेपाल अपाङ्ग मानव अधिकार केन्द्र

स्वागत छ है स्वागत छ है, सबै जनालाई स्वागतम्
आगन्तुक पाहुना, दानवीर, अनि मान्नेजनलाई स्वागतम्
अपाङ्गता भएका व्यक्तिहरूको
२८ औ दिवस, मनाउनलाई स्वागतम्
HRDC आँगनी, हजुरहरूलाई स्वागतम।
आज हामी जम्मा भयौं,
अपाङ्गता भएका व्यक्तिहरुको २८ औ दिवस मनाउन
हामी आफै अघि बढौं आफ्नो भविष्य बनाउन
हाम्रो लागि यो दिवस सानो कुरा होइन
आफैले अधिकार नखोजेसम्म, अधिकार पाइँदैन।
हामीलाई पनि स्कूल कलेज गएर पढ्न मन छ
स्कुल कलेज घर आँगन हाम्रो त्यही नै अवरोध बन्छ
पहुँच युक्त नभैदिदा खेरी
हाम्रा हरेक अघि बढ्ने पाइला, रोकिदिन्छिन फेरी।
स्वागत छ है स्वागत छ है, सबै जनालाई स्वागतम्
आगन्तुक पाहुना, दानवीर, अनि मान्नेजनलाई स्वागतम्
अपाङ्गता भएका व्यक्तिहरुको
२८ औ दिवस मनाउनलाई स्वागतम्
HRDC आँगनी, हजुरहरूलाई स्वागतम्।

दिगो विकासको लक्ष्यहरु, समाउदै अघि बढौं
पहुँच युक्त भविष्य बनाउन हामी पनि अघि सरौं
नगरौं है अपाङ्गता आरक्षणको रोक्का
अनि खुल्छ अपाङ्गताको, अधिकारको ढोका।
पहुँचयुक्त व्यक्ति संरचना नाराले मात्र छुन्छ
अपाङ्गता अधिकारलाई ओझेल पर्नु हुन्न
हाम्रो लागि स्वर्ग जस्तो HRDC आयौं
यही अस्पताल थियो रत पुनर्जन्म पायौं।
स्वागत छ है स्वागत छ है, सबै जनालाई स्वागतम्
आगन्तुक पाहुना, दानवीर, अनि मान्नेजनलाई स्वागतम्
अपाङ्गता भएका व्यक्तिहरुको
२८ औ दिवस मनाउनलाई स्वागतम्
HRDC आँगनी, हजुरहरूलाई स्वागतम्।

# समाचार विविध

## भारतमा सम्पन्न नेत्रहिन क्रिकेट खेलमा नेपाली खेलाडीको सहभागिता

*१६ मंसिर २०७६ उपेन्द्र श्रेष्ठ, भारत*

सन २०१९ को डिसेम्वर २ तारिकदेखी ९ सम्म भारतको कानपुर र देहरादुन मा नेत्रहिन क्रिकेट खेलाडिहरु बिच क्रिकेट खेल प्रतियोगिता नेपाल नेत्रहिन क्रिकेट संघका अध्यक्ष पवन घिमिरे सहितको समुहको सहभागिता रहेको थियो। उक्त प्रतियोगितामा तिन t-२० र तिन एक दिवसिय खेल सम्पन्न भएको थियो भने उक्त



*भारतमा सम्पन्न नेत्रहिन क्रिकेट खेल प्रतियोगितामा सहभागी नेपाली नेत्रहिन क्रिकेट खेलाडीहरू। **तस्विर : उपेन्द्र श्रेष्ठ, भारत***

सम्पन्न भयो । भारतमा सम्पन्न भएको India Bilateral Blind Cricket Series मा नेपाल नेत्रहिन क्रिकेट संघको नेतृत्वमा १५ जना नेत्रहिन क्रिकेट खेलाडी १ जना कोच र ४ जना सहयोगी हरुको सहभागिता रहेको थियो । प्रतियोगितामा प्रतियोगितामा नेपालका नेत्रहिन खेलाडी हेमराज बैज Man Of the Match र Man of Series हुन सफल हुनु भएको र उहाँले १५८ रन ल्याउनु भएको थियो।

# मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको सवालका विषयमा छलफल

*१६ मंसिर २०७६ शर्मिला विश्वकर्मा, काठमाण्डौं*

राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्वन संगठन कोशिशको आयोजनामा अपाङ्गता भएका व्यक्तिहरुको २८ औ अन्तराष्ट्रिय दिवसको अवसरमा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुका विभिन्न सवालका विषयमा काठमाण्डौमा एक छलफल कार्यक्रमको आयोजना गरियो । सो छलफल कार्यक्रममा नेपाल नेत्रहिन संघका अध्यक्ष रमेश पोखरेलले मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुले साझा सवालको रुपमा आवाज उठाउनु पर्ने र मनोसामाजिक अपाङ्गताको मापन गर्नु पर्ने बताउनु भएको थियो । त्यसै गरी मेरुदण्ड पक्षाघात खेलकुद संघकी उपाध्यक्ष देवी आचार्यले मनोसामाजिक स्वास्थ्यको विषयमा सबै जानकार हुनु पर्ने र मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको सवालमा आफु आवद्ध संस्था मार्फत पनि आवश्यक सहयोग गर्ने बताउनु भयो भने राष्ट्रिय बहिरा महासंघ नेपालका महासचिव सुर्य बहादुर बुढाथोकीले सञ्चारको अभावमा बहिरा अपाङ्गता भएका व्यक्तिहरुले मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको चुनौतीको विषयमा आवश्यक जानकारी प्राप्त हुन कठिनाई हुने बताउदै यस विषयमा कोशिशसंग सहकार्य गरेर काम गर्ने बताउनु भएको थियो ।

सो कार्यक्रममा राष्ट्रि अपाङ्ग महासंघ नेपाल प्रदेश नं ३ की उपाध्यक्ष तथा बौद्धिक अपाङ्गताकी अभिभावक लक्ष्मी काफ्लेले मनोसामाजिक अपाङ्गता भएक व्यक्तिहरुको समस्या समाधानको लागि राज्यले विशेष कार्यक्रम ल्याउनु पर्ने कुरामा जोड दिनु भएको थियो । यसै क्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका वरिष्ठ उपाध्यक्ष रमेश लामाले मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको विषयमा सबैले जानकारी लिनु पर्ने र आफ्ना कार्यक्रमहरुमा उनीहरुका सवालहरुलाई पनि समावेश गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो । राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्वन संगठन कोशिशको आयोजनामा अपाङ्गता भएका व्यक्तिहरुको २८ औ अन्तराष्ट्रिय दिवसको अवसरमा काठमाण्डौंमा गरिएको मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुका विभिन्न सवालका सम्बन्धी कार्यक्रमको सहजीकरण

राष्ट्रिय अपाङ्ग महासंघ नेपालका पूर्व अध्यक्ष तथा कोशिशका सल्लाहकार सुदर्शन सुवेदीले गर्नु भएको थियो । यसै क्रममा उहाँले अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुका विधानबाट मगज विग्रेमा भन्ने शब्द हटाउनको लागि अनुरोध गर्दै मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुका सवाललाई साझा सवालका रुपमा लैजानु पर्ने कुरामा जोड दिनु भएको थियो । सो छलफल कार्यक्रममा अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाका प्रतिनिधहरुको सहभागीता रहेको थियो ।

## कञ्चनपुरमा पनि मनाईयो अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवस

*१७ मंसिर २०७६ भवानी ऐर, कञ्चनपुर*

भिमदत्त नगरपालिकाको आयोजनामा "दिगो विकासको लक्ष्य अपाङ्गता मैत्री भविष्य" भन्ने मूल नारा सहित अपाङ्गता भएका व्यक्तिहरूको २८ औ अन्तर्राष्ट्रिय दिवस विभिन्न कार्यक्रमको आयोजना गरी महेन्द्रनगरको कञ्चनपुरमा सम्पन्न भयो । सो अवसरमा भिमदत्त नगरपालिकाको




*अपाङ्गता भएका व्यक्तिहरूको २८ औ अन्तर्राष्ट्रिय दिवसका भिमदत्त नगरपालिकाको आयोजनामा सम्पन्न कार्यक्रमको एक झलक । **तस्विर : भवानी ऐर, कञ्चनपुर***

प्राङ्गणबाट प्रभातफेरी गरिनुका साथै अपाङ्गता भएका व्यक्तिहरूका बीचमा ह्वीलिचयर दौड प्रतियोगिता पनि गरिएको थियो । सो प्रतियोगिताको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि तथा भिमदत्त नगरपालिकाका उप-प्रमुख सुशिला सिंह चन्द र नेपाल पारा ओलम्पिक कमिटिका सुदुरपश्चिम प्रदेश अध्यक्ष दीर्घ कुमार स्वारले रिबन काटेर उद्घाटन गर्नु भएको थियो । सो ह्विलचियर दौडमा जिवन कुमार भट्ट प्रथम, योगेन्द्र खतिवडा दोस्रो र कमल नेपालीले तेस्रो स्थान हासिल गर्नु भएको थियो । अपाङ्गता भएका व्यक्तिहरूको २८ औ अन्तर्राष्ट्रिय दिवसका अवसरमा अपाङ्गता भएका व्यक्तिहरूको सवालमा जनचेतना जगाउनको लागि अपाङ्गता भएका व्यक्तिहरूलाई ५० प्रतिशत छुट लेखिएको स्टिकर सार्वजनिक यातायातमा टाँस्ने कार्यक्रम पनि गरिएको थियो भने सो कार्यक्रमको शुभारम्भ महाकाली यातायात प्रा.ली.का कोषाध्यक्ष रमेश थापा, जिल्ला ट्राफिक प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी सहायक निरिक्षक र यातायात व्यवसायी विरेन्द्र बहादुर स्वारले गर्नु भएको थियो । सो कार्यक्रमको समन्वय नेपाल पारा ओलम्पिक कमिटिका सुदुरपश्चिम प्रदेश अध्यक्ष दिर्घ कुमार स्वारले गर्नु भएको थियो । सो कार्यक्रमलाई समाज सेवी लिला ध्वाज बस्नेत, नेपाल पारा ओलम्पिक कमिटि सुदुरपश्चिम प्रदेशका अध्यक्ष दीर्घ कुमार स्वार, नरबहादुर साउत, महिला विकास अधिकृत कलावती कुँवर र अपाङ्ग समन्वय समितिका सदस्य जीवन कुमार भट्ट लगायतका व्यक्तिहरूको सहभागीता रहेको थियो

## किर्तीपुरमा पनि अपाङ्गता भएका व्यक्तिहरुको २८ औं अन्तर्राष्ट्रिय दिवस मनाइयो

✍ १७ मंसिर २०७६ शर्मिला विश्वकर्मा

किर्तीपुर नगरपालिकाको आयोजना र त्यहाँ रहेका अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरूको सहयोगमा अपाङ्गता भएका व्यक्तिहरूको २८ औं अन्तर्राष्ट्रिय दिवस विभिन्न कार्यक्रमको आयोजना गरेर सम्पन्न गरियो । किर्तीपुर नगरपालिकाको लोकतान्त्रिक चोकमा जम्मा भइ सो नगरपालिकाका मेयर रमेश महर्जनले र्‍यालीको उद्घाटन गरेर प्रभातफेरी गरिएको थियो । सो दिवसका अवसरमा निकालिएको जनचेतना मुलक र्‍याली किर्तीपुरको लोकतान्त्रिक चोक हुदै नयाँबजार, दोबाटो हुदै नगाँउमा पुगेर शुभकामना मतन्व्य पश्चात समापन गरिएको थियो । सो कार्यक्रममा स्थानीय अपाङ्गता समन्वय समितिका संयोजक र किर्तीपुर नगरपालिकाका उपमेयर सरस्वती

खड्काले गत भदौ ३० गते देखि अपाङ्गता परिचय पत्र वितरण गर्दै आएको बताउनु भयो । त्यसै गरी बौद्धिक अपाङ्गताकी अभिभावक तथा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल प्रदेश नं की उपाध्यक्ष लक्ष्मी काफ्लेले यस पटक स्थानीय तहहरुले अपाङ्गता भएका व्यक्तिहरुको सवालमा काम गर्ने कार्यको सुरुवात गर्नु भएको र यस पटकको अपाङ्गता भएका व्यक्तिहरुको २८ औं अन्तर्राष्ट्रिय दिवसमा आयोजकको भूमिका निर्वाह गरिदिनु भएकोमा आयोजक निकाय तथा अन्य सहभागीहरुलाई धन्यवाद दिनु भएको थियो । सो कार्यक्रममा किर्तीपूर नगरपालिकका मेयर रमेश महर्जनले आफ्ना कार्यक्रमहरुमा अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई समावेश गर्ने र आवश्यक सहयोग गर्ने प्रतिवद्धता पनि व्यक्त गर्नु भएको थियो । सो कार्यक्रममा किर्तीपुरमा रहेका अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, अपाङ्गता भएका व्यक्तिहरु, अभिभावक तथा स्थानीय तहका अपाङ्गता भएका व्यक्तिहरुको उल्लेखनिय सहभागीता रहेको थियो ।



*अपाङ्गता भएका व्यक्तिहरूको २८ औ अन्तर्राष्ट्रिय दिवसको अवसरमा किर्तीपुर नगरपालिकाको आयोजनामा सम्पन्न कार्यक्रमको एक झलक ।* ***तस्विर : लक्ष्मी काफ्ले***

# नवलपरासीमा विभिन्न संघ संस्थाद्धारा अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवस मनाइयो

✍ १७ मंसिर २०७६ शर्मिला विश्वकर्मा, कावासोती


अपाङ्ग पुनर्स्थापना केन्द्र कावासोती, नवलपरासी बहिरा संघ, नवलपरासी नेत्रहिन संघ र अपाङ्गता पुनर्स्थापना समन्वय परिषद् नवलपरासीको समन्वयमा अपाङ्गता भएका व्यक्तिहरुको २८ औं अन्तर्राष्ट्रिय दिवसका अवसरमा विभिन्न कार्यक्रमहरुको आयोजना गरियो । सो दिवसका अवसरमा रत्न नगरपालिकाले सचेतना मुलक र्‍याली पनि निकालेको थियो । सो र्‍याली नेपाल माध्यामिक विद्यालयबाट सुरु भइ टाँडी बजार परिक्रमा गरी नगरपालिकामा पुगेर अन्तरक्रिया कार्यक्रममा परिणत भएको थियो । अपाङ्गता भएका व्यक्तिहरूको २८ औं अन्तर्राष्ट्रिय दिवसको अवसरमा देवघाट स्थित अपाङ्ग सरोकार समितिले ५ जना दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरूलाई सेतो छडी वितरण गरेको थियो । त्यसै गरी यसै दिवसका अवसरम कालिका नगरपालिकाले पनि एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । यो दिवसको अवसरमा कालिका नगरपालिकाका उपमेयर कमला भट्टराईले काम गर्न नसक्ने अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यकता अनुसारको अपाङ्गता सुरक्षा भत्ता उपलब्ध गराउनु पर्ने र काम गर्न सक्ने अपाङ्गता भएका व्यक्तिहरुलाई रोजगारको अवसर प्रदान गर्नु पर्ने र यस विषयमा आफ्नो नगरपालिका सकारात्मक रहेको बताउनु भयो । सो कार्यक्रममा कालिका नगरपालिकाका शिक्षा शाखाका अधिकृत ऋषिराम शर्माले अपाङ्गता सम्बन्धी कार्य विधिका बारेमा कार्य पत्र प्रस्तुत गर्नु भएको थियो । यसै दिवसका अवसरमा राप्ती नगरपालिकाका १३ वटै वडामा क वर्गका अपाङ्गता परिचय पत्र प्राप्त गरेका अपाङ्गता भएका व्यक्तिहरू र अभिभावकहरूलाई सम्मान गरिएको थियो । त्यसै गरी खैरहनी नगरपालिकाले पनि अपाङ्गता भएका व्यक्तिहरूको २८ औं अन्तर्राष्ट्रिय दिवसका अवसरमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । सो कार्यक्रममा नेत्रहिन संघ चितवनका सदस्य दिपेन्द्र शर्माले अपाङ्गता भएका व्यक्तिहरूको अपाङ्गता परिचय पत्रको दुरुपयोग भएको गुनासो गर्नु भएको थियो । यसै क्रममा खैरहनी नगरपालिकाका प्रमुख लालमणि चौधरीले

अपाङ्गता भएका व्यक्तिहरूका सवाल प्रति आफ्नो नगरपालिका संवेदनशील रहेको र उनीहरूका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने बताउनु भएको थियो।

## अपाङ्गता भएका महिलाहरुको हिंसा सम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक

*१८ मंसिर २०७६ शर्मिला विश्वकर्मा, काठमाण्डौं*

अपाङ्गता भएका व्यक्तिहरुको २८ औ अन्तर्राष्ट्रिय दिवसका अवसरमा नेपाल अपाङ्ग महिला संघको आयोजना तथा वमेन काइण्ड (Womankind) worldwide Equal Respected Proud को सहयोगमा अपाङ्गता भएका महिलाहरुको हिंसा सम्बन्धी अध्यन प्रतिवेदन सार्वजनिकिकरण कार्यक्रम काठमाण्डौंमा गरियो । सो कार्यक्रमका प्रमुख अतिथि एवं महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सह-सचिव ज्ञानेन्द्र पौडेल, राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष मित्रलाल शर्मा, उपाध्यक्ष रमा ढकाल, नेपाल अपाङ्ग महिला संघकी अध्यक्ष निर्मला धिताल, महिला अधिकार मञ्चकी अध्यक्ष तथा




*अपाङ्गता भएका व्यक्तिहरुको २८ औ अन्तर्राष्ट्रिय दिवसका अवसरमा नेपाल अपाङ्ग महिला संघको आयोजनामा काठमाण्डौंमा सम्पन्न अपाङ्गता भएका महिलाहरुको हिंसा सम्बन्धी अध्यन प्रतिवेदन सार्वजनिकिकरण कार्यक्रमको एक झलक।* ***तस्विर : शर्मिला विश्वकर्मा***

अधिवक्ता मिरा ढुङ्गानाले सामुहिक रुपमा उक्त प्रतिवेदनको सार्वजनिकीकरण गर्नु भएको थियो । यसै क्रममा नेपाल अपाङ्ग महिला संघकी अध्यक्ष निर्मला धितालले नेपालमा अपाङ्गता भएका महिलाहरुको हिंसा सम्बन्धी प्रतिवेदन तयार गर्दाको अनुभव सहितको प्रस्तुती पनि प्रस्तुत गर्नु भएको थियो । साथै उहाँले आगामी दिनमा यो प्रतिवेदनको विषयमा आएका सुझावको आधारमा अपाङ्गता भएका महिलाहरुको हिंसा न्यूनिकरणका विषयमा काम गर्न सहज हुने बताउनु भयो । यसै क्रममा राष्ट्रिय अपाङ्ग कोषका सदस्य –सचिव यमनाथ मैनालीले अपाङ्गता भएका महिलाहरुको हिंसा सम्बन्धी अध्ययन गर्ने क्रममा मधेशी अपाङ्गता भएका महिलाहरुको पनि अध्ययन गरेको भए राम्रो हुने बताउनु भयो भने नेत्रहिन महिला संघकी अध्यक्ष सिता सुवेदीले अपाङ्गता भएका महिलाहरु माथी हुने हिंसाको न्यूनीकरणका लागि सबै मिलेर काम गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो । त्यसै गरी नेपाल अपाङ्ग महिला संघकी महासचिव मिना पौडेलले यो अध्ययन प्रतिवेदनले अबका दिनमा अपाङ्गता भएका महिलाहरुको हिंसा न्यूनिकरणका लागि काम गर्न सहज हुने बताउनु भयो । सो कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष मित्रलाल शर्माले अपाङ्गता भएका महिलाहरुले भोग्न परेका विभिन्न हिंसाहरुको अन्त्य गर्न सबै सरोकारवाला निकायहरुले मिलेर काम गर्नु पर्ने, विभिन्न कार्यक्रमहरुमा अपाङ्गता भएका महिलाहरुको अर्थपूर्ण सहभागीता गराउनु पर्ने बताउनु भयो भने उपाध्यक्ष रमा ढकालले नेपाल अपाङ्ग महिला संघले अपाङ्गता भएका महिलाहरुको हिंसा न्यूनिकरणका लागि गरेको कामको प्रशंशा गर्दै राष्ट्रिय अपाङ्ग महासंघ नेपालले पनि देशका ७ वटै प्रदेशमा अनुसन्धान गरी अपाङ्गता भएका महिलाहरुले भोग्न परेका समस्याहरुको न्यूनिकरणका लागि काम गरेको बताउनु भयो । यसै क्रममा महिला कानून र विकास मञ्चकी अध्यक्ष तथा अधिवक्ता एवं नेपाल अपाङ्ग महिला संघकी कानूनी सल्लाहकार मिरा ढुङ्गानाले अपाङ्गता भएका महिलाहरुको न्यायमा पहुँच पुर्याउनका लागि सबैले काम गर्नु पर्ने र यसको लागि यो प्रतिवेदनले सहयोग गर्ने बताउनु भयो । उक्त कार्यक्रममा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सह-सचिव ज्ञानेन्द्र पौडेलले अपाङ्गता भएका व्यक्तिहरुको हक

हित र अधिकारको लागि मन्त्रालयले अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुसँग सहकार्य गर्दै आएको र अबका दिनमा पनि अपाङ्गता भएका महिलाहरुको हिंसा न्यूनिकरणका सवालमा काम गर्नको लागि अपाङ्गताको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुको साथ सहयोग र सुझाब आवश्यक भएको बताउनु भयो। अपाङ्गता भएका व्यक्तिहरुको २८ औ अन्तराष्ट्रिय दिवसका अवसरमा नेपाल अपाङ्ग महिला संघले काठमाण्डौंमा आयोजना गरेको अपाङ्गता भएका महिलाहरुको हिंसा सम्बन्धी अध्यन प्रतिवेदन सार्वजनिकिकरण कार्यक्रमको संञ्चालन नेपाल अपाङ्ग महिला संघकी महासचिव मिना पौडेलले गर्नु भएको थियो।

## गोरखा नेत्रहिन संघको अधिवेशन तथा अपाङ्गता दिवस सम्पन्न

*१८ मंसिर २०७६ पवन कुमार बस्नेत, गोरखा*

दिगो विकासको लक्ष्य अपाङ्गता मैत्री भविष्य भन्ने मुल नाराका साथ अपाङ्गता भएका व्यक्तिहरूको २८ औ अन्तर्राष्ट्रिय दिवस गोरखामा विभिन्न कार्यक्रम सहित सम्पन्न भयो।




*अपाङ्गता भएका व्यक्तिहरूको २८ औं अन्तर्राष्ट्रिय दिवसको अवसरमा गोरखामा सम्पन्न एक कार्यक्रमको झलक।* ***तस्विर : पवन कुमार बस्नेत, गोरखा***

सो कार्यक्रमका प्रमुख अतिथि पालुङ्गटार नगरपालिकाका नगर प्रमुख दिपक बाबु कडेलले अन्तर्राष्ट्रिय अपाङ्ग दिवसका अवसरमा सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरूलाई शुभकामना दिनु भएको थियो । सोही अवसरमा उहाँले अपाङ्गता भएका व्यक्तिहरूलाई नगरपालिकाले सक्दो सहयोग गर्ने बताउनु भयो । कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७४ को बारेमा छलफल गरिएको थियो । दिवसको अवसरमा गोरखा नेत्रहिन संघको तेस्रो अधिवेशन तथा आठौं साधारण सभा सम्पन्न भएको छ । सो साधारण सभाले जिवनकुमार बस्नेत पवनको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ जसमा उपाध्यक्ष दिपक बहादुर बानिया, प्रशुराम भट्ट, कोषाध्यक्ष गिता मायाँ श्रेष्ठ, सह सचिव देवि दत्त खनाल, निर्वाचित हुनुभएको छ भने सदस्यहरूमा गणेश खत्री, हिरा पोखरेल, प्रमिला बस्नेत, लिल बहादुर गुरुङ्ग, छवि आले र मुना घिमिरे निर्वाचित हुनुभएको छ ।

## मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षणमा सांसद तथा राजनीति दलहरुसंग छलफल ।

*११ मंसिर २०७६ गणेश सुवेदी, ललितपुर*

राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्वन संगठन कोशिश को आयोजना तथा यु. एन डि. पि. को सहयोगमा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षणमा सांसद तथा राजनीति दलहरुको भूमिका सम्वन्धि छलफल कार्यक्रम ललितपुरमा सम्पन्न भयो । सो कार्यक्रममा राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्वन संगठन कोशिशका महासचिव संजय न्यौपानेले ऐन नियम कानुनहरुमा नै मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुलाई अपमानित हुने शव्दावलीहरु राखिएकोले त्यस्ता शब्दावलीहरु हटाउनु पर्ने कुरामा जोड दिनु भयो । उक्त कार्यक्रममा प्रस्तावित अपाङ्गता संगठन नेपालका संयोजक इन्द्रमाया गुरुङले संघ प्रदेश स्थानीय तहमा बन्ने ऐन कानूनहरुमा अपाङ्गता भएका व्यक्तिहरुका सवालहरु समेट्नु पर्ने कुरामा जोड दिनु भयो । सो कार्यक्रममा अपाङ्गता अधिकारकर्मी देवु कुमारी पराजुलीले मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुलाई समाजले हेर्ने दृष्टिकोणमा अझै परिवर्तन नआएको बताउनु भयो । सो कार्यक्रममा



*राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्बन संगठन कोशिश को आयोजनामा ललितपुरमा सम्पन्न मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षणमा सांसद तथा राजनीति दलहरुको भूमिका सम्बन्धी छलफल कार्यक्रमको एक झलक।* ***तस्विर : गणेश सुवेदी***

अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वावलम्वन जीवन पद्धती केन्द्र ललितपुरका अध्यक्ष भोजराज श्रेष्ठले मनोसामाजिक अपाङ्गता को बारेमा कानूनमा जे जस्तो भए पनि अव बन्ने नीति नियम ऐन कानुनहरु बनाउँदा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुलाई पनि समेट्नु पर्ने कुरामा जोड दिनु भयो। उक्त कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष मित्रलाल शर्माले मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुले पनि चुनावमा भोट हाल्न पाउनु पर्ने कुरामा जोड दिनु भयो। सो कार्यक्रममा राष्ट्रिय सभा सदस्य प्रकाश पन्थले मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुका सवालमा राज्यले ध्यान दिन नसकेको कुरा बताउदै सदनमा समग्र अपाङ्गताको बारेमा कुरा उठाउँदै आएको बताउनु भयो। उक्त कार्यक्रममा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका सभापति मा. राम नारायण विडारीले नीति नियम ऐन कानूनमा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुलाई अपमानित हुने खालका शब्दावलीहरु राखेकोमा ती शब्दावलीहरु लाई परिवर्तन गर्नको लागि आफ्नो तर्फबाट सक्दो पहल गर्ने कुरा बताउनु भयो।

## हिमोफिलिया सोसाइटी नेपालमा नयाँ कार्य समिति चयन

✍ *२१ मंसिर २०७६ शर्मिला विश्वकर्मा, काठमाण्डौं*

हिमोफिलिया सोसाइटी नेपालको २७ औं वार्षिक साधारण सभा एवं १४ औं महाधिवेशन काठमाण्डौंमा सम्पन्न भएको छ । सो साधारण सभा तथा अधिवेशनको उद्घाटन संघीय प्रतिनिधि सभा सांसद घनश्याम खतिवडाले पानसमा दिप प्रज्वलन गरेर गर्नु भएको थियो । त्यसै गरी महासचिव मुकुन्दमणी घिमिरेले स्वागत मन्तव्यका क्रममा हिमोफिलिया अपाङ्गता भएका व्यक्तिहरूले चाहेको समयमा स्वास्थ्य उपचार नपाएको बताउँदै यस विषयमा स्वास्थ्य मन्त्रालयले सहयोग गर्नु पर्ने बताउनु भयो । सो कार्यक्रममा उहाँले ग्राण्डी अस्पतालले हिमोफिलिया भएका अपाङ्गता भएका व्यक्तिहरूको लागि आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने भएको पनि बताउनु भयो । कार्यक्रममा राष्ट्रिय शारीरिक अपाङ्ग संघका अध्यक्ष किरण शिल्पकारले अपाङ्गता भएका व्यक्तिहरूका लागि बनेका ऐन कानूनहरु पूर्ण रूपमा कार्यान्वयन हुनु पर्ने र हिमोफिलिया भएका व्यक्तिहरूको स्वास्थ्य उपचारको काम गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो । हिमोफिलिया सोसाइटी नेपालको २७ औं




*काठमाण्डौंमा सम्पन्न हिमोफिलिया सोसाइटी नेपालको २७ औं वार्षिक साधारण सभा एवं १४ औं महाधिवेशनको एक झलक ।* ***तस्विर : गणेश सुवेदी***

वार्षिक साधारण सभा एवं १४ औं महाधिवेशनको उद्घाटन कार्यक्रममा सूचना आयुक्त किरण कुमार पोखरेलले हिमोफिलिया अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य अधिकारको लागि राज्यले पहल गर्नु पर्ने र हिमोफिलिया अपाङ्गताको विषयमा जनचेतना जगाउनु पर्ने यस विषयमा आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताउनु भयो । त्यसै गरी वीर अस्पतालका निर्देशक केदार सेन्चुरीले वीर अस्पतालले हिमोफिलिया अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य उपचारको लागि कोठा उपलब्ध गराएको र यस विषयमा आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताउनु भयो । यसै क्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालकी उपाध्यक्ष रमा ढकालले हिमोफिलिया अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्यको सवालमा सबै सरोकारवाला निकायहरुले चासो दिनु पर्ने र यस विषयमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालले पहल गर्ने बताउनु भयो । त्यसै गरी उक्त कार्यक्रममा राष्ट्रिय सभा सदस्य प्रकाश पन्तले हिमोफिलिया अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य उपचारको लागि काम गर्नु पर्ने र यस विषयमा आफ्नो तर्फबाट सम्बन्धित निकायमा र अब बन्ने ऐन कानूनहरुमा समावेश गर्नको लागि पहल गर्ने बताउनु भयो । सो कार्यक्रमका प्रमुख अतिथि तथा संघिय प्रतिनिधि सभा सांसद घनश्याम खतिवडाले हिमोफिलिया अपाङ्गता भएका व्यक्तिहरुले स्वास्थ्य उपचारको अभावमा कठिन पूर्ण जीवन यापन गरिरहको अवस्थामा राज्यले उनीहरुको लागि निःशुल्क औषधी उपचार गर्नु पर्ने र यस विषयमा आफ्नो तर्फबाट संसदमा पनि पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । सो अधिवेशनले नविनचन्द्र ढुङ्गेलको अध्यक्षतामा आगामी ३ वर्षको लागि १५ सदस्यि नयाँ कार्य समिति चयन गरेको छ । जसमा वरिष्ठ उपाध्यक्षमा वरुण खकुरेल, उपाध्यक्षमा मुकुन्दमणी घिमिरे, महासचिवमा दिपक न्यौपाने, कोषाध्यक्षमा उमेश किशोर महतो र सचिवमा जगतलाल राजबाहक चयन हुनु भएको छ । त्यसै गरी सदस्यहरुमा रामकृष्ण बोगटी, भरत खड्का, राम बहादुर श्रेष्ठ, बाबुकाजी श्रेष्ठ, रामचन्द्र खाती (रिब्सन), निराकुमारी पाण्डे, उमेश थापा दलामी, भिनु देवी गुप्ता र तुलबहादुर सुनार रहनु भएको छ ।

# यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धी अन्तर संवाद कार्यक्रम

*२३ मंसिर २०७६ शर्मिला विश्वकर्मा, काठमाण्डौं*

नेपाल अपाङ्ग महिला संघको आयोजना तथा ग्लोबल फण्ड फर वमेनको सहयोगमा अपाङ्गता भएका महिलाहरूको यौन तथा प्रजनन् स्वास्थ्य अधिकारको विषयमा काठमाण्डौंमा एक अन्तरक्रिया कार्यक्रम गरियो । सो अन्तर संवाद कार्यक्रममा नेपाल अपाङ्ग महिला संघकी महासचिव मिना पौडेलले अपाङ्गता भएका महिलाहरूको यौन तथा प्रजनन् स्वास्थ्य अधिकारको अवस्थाको विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । यसै क्रममा उहाँले बौद्धिक तथा बहिरा अपाङ्गता भएका महिलाहरूले प्रजनन् स्वास्थ्य अधिकारको सेवा लिन नपाएको बताउनु भयो । त्यसै गरी बौद्धिक अपाङ्गताका अभिभावक तथा अधिवक्ता मुकुन्दहरी दाहालले बौद्धिक अपाङ्गता भएका महिलाहरूका सवालहरुलाई प्रजनन् स्वास्थ्य अधिकारमा सम्बन्धी नीति नियममा समावेश गर्नु पर्ने बताउनु भएको थियो । त्यसै गरी एम्प्युटी एशोसियशनका अध्यक्ष तथा अपाङ्गता मानव अधिकारकर्मी महेश्वर घिमिरेले सबै नागरिकहरुले यौनिकताको विषयमा जानकारी राख्न जरुरी रहेको बताउदै



*नेपाल अपाङ्ग महिला संघको आयोजनामा अपाङ्गता भएका महिलाहरूको यौन तथा प्रजनन् स्वास्थ्य अधिकारको विषयमा काठमाण्डौंमा सम्पन्न एक अन्तरक्रिया कार्यक्रमको झलक । **तस्विर : शर्मिला विश्वकर्मा***

अपाङ्गता अनुसारको पहुँचयुक्त वातावरण निर्माणको लागि सबैले ध्यान दिनु पर्ने बताउनु भयो । यसै गरी डाउन सिण्ड्रोम समाजकी अध्यक्ष शिला थापाले बौद्धिक अपाङ्गता भएका महिलाहरुको महिनावारीको व्यवस्थापन गर्न कठिन रहेको र पटक पटक यस्ता बालबालिकाहरु बलात्कारको शिकार हुन परेको गुनासो गर्नु भयो । नेपाल अपाङ्ग महिला संघले काठमाण्डौंमा आयोजना गरेको अपाङ्गता भएका महिलाहरुको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार विषयक अन्तरक्रिया कार्यक्रममा महिला कानून र विकास मञ्चका निर्देशक सविन श्रेष्ठले अपाङ्गता भएका व्यक्ति तथा महिलाहरु कुनै पनि हिंसाको शिकार भएमा न्यायको लागि सबैले पहल गर्ने र आफ्नो तर्फबाट पूर्ण रुपमा सहयोग गर्ने बताउनु भयो । यसै गरी उहाँले प्रजनन् स्वास्थ्य अन्तर्गतको नीतिमा अपाङ्गता भएका महिलाहरुको प्रजनन् स्वास्थ्य अधिकारका सवालहरुलाई समावेश गर्न जरुरी रहेको बताउनु भयो भने नेपाल अपाङ्ग महिला संघकी अध्यक्ष निर्मला धितालले अपाङ्गता भएका व्यक्तिहरु तथा महिलाहरुको यौन तथा प्रजनन् स्वास्थ्य अधिकारको लागि राज्य स्तरले बनाउने एने कानूनहरुमा अपाङ्गताका सवालहरु समावेश गराउनको लागि र भएका व्यवस्थाहरुको पूर्ण रुपमा कार्यान्वयनका लागि अपाङ्गताको क्षेत्रमा काम गर्ने सबै संघ संस्थाहरु एक जुट भएर आवाज उठाउनु पर्ने बताउनु भयो । यस कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालकी उपाध्यक्ष रमा ढकालले यस विषयमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालले सम्बन्धीत निकायको ध्यान केन्द्रित गर्ने बताउनु भएको थियो । उक्त कार्यक्रममा जनस्वास्थ्य विज्ञ डा् अरुणा उप्रेतीले अपाङ्गता भएका व्यक्तिहरुका सवालका विषयमा सबै सचेत हुनु पर्ने, अपाङ्गता भएका व्यक्तिहरु तथा महिलाहरुको यौन तथा प्रजनन् स्वास्थ्यका विषयमा लगातार रुपमा आवाज उठाइ रहुनु पर्ने उनीहरुका सवालहरुलाई सम्बन्धीत निकाय मार्फत कार्यन्वयन गर्नको लागि आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताउनु भयो । कार्यक्रममा अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्था, विभिन्न सञ्चार माध्यमका सञ्चारकर्मीहरु तथा मानव अधिकारकर्मीहरुको सहभागीता रहेको थियो भने उक्त कार्यक्रमको सहजिकरण नेपाल अपाङ्ग महिला संघकी कर्मचारी सरिता लामिछानेले गर्नु भएको थियो ।

# समावेशी चित्रकला कार्यक्रम सम्पन्न

*२५ मंसिर २०७६ गणेश सुबेदी, काठमाण्डौं*

राष्ट्रिय शारीरिक अपाङ्ग संघ नेपाल को आयोजनामा अपाङ्गता भएका व्यक्तिहरूको २८ औं अन्तर्राष्ट्रिय दिवसको अवसरमा समावेशी चित्रकला कार्यक्रम काठमाण्डौमा सम्पन्न भयो । सो कार्यक्रमको उद्धघाटनको क्रममा गैरसरकारी संस्था महासंघ नेपालका महासचिव रामप्रसाद सुवेदीले अपाङ्गता भएका व्यक्तिहरुले उत्पादन गरेका सामाग्रिहरुले उचित किसिमको बजार पाउनु पर्ने बताउनु भयो । उक्त कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका वरिष्ठ उपाध्यक्ष रमेश लामाले अपाङ्गता भएका व्यक्तिहरुले पनि यस्ता किसिमका चित्रकला मार्फत आयआर्जन गर्न सफल भएको बताउनु भयो । उद्धघाटन कार्यक्रमका प्रमुख अतिथि महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रि पार्वत गुरुङले अपाङ्गता भएका व्यक्तिहरुले उत्पादन गरेका सामाग्रिहरुलाई बजार सम्म पुर्याउनको लागि मन्त्रालयले सक्दो पहल गर्ने कुरा व्यक्त गर्नु भयो । समावेशी चित्रकला कार्यक्रमको समापन कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका महासचिव राजु




*अपाङ्गता भएका व्यक्तिहरूको २८ औ अन्तर्राष्ट्रिय दिवसका अवसरमा राष्ट्रिय शारीरिक अपाङ्ग संघ नेपाल को आयोजनामा काठमाण्डौमा सम्पन्न समावेशी चित्रकला कार्यक्रमको एक झलक ।* ***तस्विर : गणेश सुबेदी***

बस्नेतले समाबेशी चित्रकला कार्यक्रमले अपाङ्गता भएका कलाकारहरुलाई थप हौसला प्रदान गरेको बताउनु भयो। सो कार्यक्रममा प्राज्ञ संजय वान्तवाले अपाङ्गता भएका व्यक्तिहरुले विभिन्न किसिमका चित्रकलाहरु बनाउने तर ति चित्रकलाहरुले उचित स्थान नपाएकोले वजार व्यवस्थापनमा राज्यले ध्यान दिनु पर्ने कुरा व्यक्त गर्नु भयो। समापन कार्यक्रमका प्रमुख अतिथि खोटाङका प्रतिनिधि सभा सदस्य बिसाल भट्टराइले अपाङ्गता भएका व्यक्तिहरुले यस्ता किसिमका चित्रकला कार्यक्रमले अपाङ्गता भएका व्यक्तिहरुलाइ थप हौसला प्रदान गर्ने कुरा वताउदै उत्पादन गरेका सामाग्रिहरु बजार सम्म पुराउनको लागि आफ्नो तर्फवाट पहल गर्न कुरा व्यक्त गर्ने भयो । सो कार्यक्रममा बिभिन्न अपाङ्गता भएका कलाकार र साङ्ग कलाकारहरुले आफ्नो चित्रकला प्रस्तुत गरेका थिए।

## संयुक्त सामाजिक लेखा परीक्षण कार्यक्रम सम्पन्न

*२६ मंसिर २०७६ गणेश सुवेदी, काठमाण्डौं*

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, हिमोफिलिया सोसाइटी नेपाल, बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपाल, राष्ट्रिय बहिरा संघ नेपाल, नेत्रहिन युवा संघ नेपाल, अटिजम केयर नेपाल सोसाइटी, श्रुती र नेपाल सुस्तश्रवण संघको संयुक्त आयोजनामा संयुक्त सामाजिक लेखापरीक्षण कार्यक्रम काठमाण्डौंमा सम्पन्न भयो । सो कार्यक्रममा नेत्रहिन युवा संघ नेपालका अध्यक्ष कलाधर भण्डारीले स्वागत मन्तव्य गर्नु हुदै सरोकारवाला निकायहरुले अपाङ्गता भएका व्यक्तिहरुका संघ संस्थाले सञ्चालन गर्दै आएका कार्यक्रमहरुको सामाजिक लेखा परीक्षण कार्यमा सहयोग गर्नु पर्ने बताउनु भयो । उक्त कार्यक्रममा माइराइट नेपालसँगको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको लागि काम गरेका विभिन्न संघ संस्थाहरु जस्तै राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, हिमोफिलिया सोसाइटी नेपाल, बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपाल, राष्ट्रिय बहिरा संघ नेपाल, नेत्रहिन युवा संघ नेपाल, अटिजम केयर नेपाल सोसाइटी, श्रुती र नेपाल सुस्तश्रवण संघ मार्फत अपाङ्गता भएका व्यक्तिहरुको लागि गरिएको कामको विषयमा कार्य पत्र प्रस्तुत गरिएको थियो। सो कार्यक्रममा बाल, आँखा, कान, नाक, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवा भक्तपुरका कार्यक्रम निर्देशक माधब अर्यालले अपाङ्गताको क्षेत्रमा काम गर्ने क्रममा अपाङ्गताको पहिचान हुनु पर्ने र यस्ता

संघ संस्थाबाट सेवा प्राप्त गरेक अपाङ्गता भएका व्यक्तिहरुको पहिचान हुनु पर्ने बताउनु भयो । यसै गरी राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अनुसासन समितिका संयोजक टेकनाथ न्यौपानेले शिक्षा सेवा आयोग पास गरेका दृष्टिविहिन तथा अन्य अपाङ्गता भएका व्यक्तिहरुलाई काम गर्ने वातावरण नदिएकोले यस विषयमा पनि काम गर्नु पर्ने बताउनु भयो । त्यसै गरी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका शाखा अधिकृत दिपक माझीले नेपाल सरकारको सामाजिक निर्देशिकाले पनि संयुक्त सामाजिक लेखा परीक्षणलाई व्यवस्था गरेको बताउदै अपाङ्गताको आधारमा सेवा गर्ने अवसरबाट बञ्चित गराएमा आवश्यक कारवाही गरिने बताउनु भयो । सो संयुक्त सामाजिक लेखा परीक्षण कार्यक्रममा माइराइट नेपालकी राष्ट्रिय संयोजक सुजना शाक्यले माइराइट नोपालसँगको सहकार्य मात्र नभएर अपाङ्गताको क्षेत्रमा काम गरेका अन्य कार्यहरुको विषयमा पनि सामाजिक लेखापरीक्षण गर्नु पर्ने बताउनु भयो । सोही क्रममा जिल्ला समन्वय समिति काठमाण्डौंका प्रमुख शिव सुन्दरराज बैद्यले यसरी संस्था मार्फत सञ्चालन गरेका कार्यक्रमहरुको प्रशासनिक खर्च पनि प्रस्तुत गरेमा राम्रो हुने बताउदै अपाङ्गता भएका व्यक्तिहरुको लागि काम गर्ने



*अपाङ्गता भएका व्यक्तिहरूको २८ औ अन्तर्राष्ट्रिय दिवसका अवसरमा जनचेतनाका लागि काठमाण्डौंमा आयोजना गरिएको बोसिया खेल कार्यक्रमको एक झलक ।* ***तस्विर : गणेश सुवेदी***

विभिन्न संघ संस्थाहरुलाई केन्द्रिय, स्थानीय र प्रदेश सरकारले पनि बजेट विनियोजन गर्नु पर्ने बताउदै आफ्नो तर्फबाट समन्वयकारी भूमिका निर्वाह गर्ने कुरामा जोड दिनु भयो । त्यसै गरी राष्ट्रिय अपाङ्ग महासंघ नेपालका वरिष्ठ उपाध्यक्ष रमेश लामाले अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई स्थानीय निकाय सम्म लैजानु पर्ने, अपाङ्गताको क्षेत्रमा काम गर्ने सबै संघ संस्थाहरुले संयुक्त सामाजिक लेखा परीक्षण गर्नु पर्ने बताउदै कार्यक्रममा सहभागी सबैलाई धन्यवाद दिनु भएको थियो ।

## अपाङ्गता भएका व्यक्तिहरुको अधिकार, नीति र ऐन कानून विषयमा अभिमुखीकरण तालिम

*२७ मंसिर २०७६ मदन बोहोरा, झापा*

झापा जिल्लाको एस.एन.जे.डी. कचनकवलको आयोजना र गौरीगञ्ज अपाङ्ग सहयोग समितिको समन्वयमा अपाङ्गता भएका महिलाहरुको ज्ञान, सीप तथा क्षमताको उपयोगको लागि अपाङ्गता भएका व्यक्तिहरुको अधिकार, नीति र ऐनको विषयमा अभिमुखीकरण तालिम झापाको गौरीगञ्ज गाँउपालिकामा सम्पन्न भएको छ । सो तालिममा अपाङ्गता भएका बालाबालिकाहरुको विशेष संरक्षण, शिक्षा सम्बन्धी व्यवस्था, स्वास्थ्य, पुनस्र्थापना, सामाजिक सुरक्षा र मनोरञ्जन सम्बन्धी व्यवस्था, आवासिय शिक्षा उपलब्ध गराउने व्यवस्था, अपाङ्गता भएका व्यक्तिहरुलाई सहुलियत र सुविधा सम्बन्धी व्यवस्था, अपाङ्गता भएका व्यक्तिहरु प्रति नेपाल सरकारको दायित्व सम्बन्धी जानकारीको विषयमा तालिम प्रदान गरिएको थियो । साथै यस तालिममा झापा जिल्ला अपाङ्ग समन्वय समितिका सचिव मदन बोहोराले अपाङ्गता भएका व्यक्तिहरुले अपाङ्गता परिचय पत्रको आधारमा प्राप्त गर्ने हवाईजहाज,रेल,बस तथा सार्वजनिक यात्रामा ५० प्रतिशन भाडामा छुट, चारपाङ्ग्रे स्कुटर तथा रिक्सामा भन्सार छुट हुने कुराको जानकारी गराउनु भएको थियो । गौरीगञ्ज गाँउपालिकाको उपाध्यक्ष दिपेन्द्र थापाको प्रमुख आतिथ्यमा सम्पन्न उक्त तालिम कार्यक्रममा गौरीगञ्ज अपाङ्ग सहयोग समितिका अध्यक्ष शेरमान बुढाथोकी, गौरीगञ्ज गाँउपालिकाका अध्यक्ष बाबुराजा

श्रेष्ठ, विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरु तथा अपाङ्गताको क्षेत्रमा काम गर्ने संघ संस्थाका प्रतिनिधिहरुको सहभागीता रहेको थियो ।

## अपाङ्गता परिचय पत्र वितरण

*२२ मंसिर २०७६ विष्णु कुमारी श्रेष्ठ, झापा*

झापा जिल्लाको गौरादह नगरपालिकाको आयोजनामा नगरपालिकामा रहने विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचय पत्र वितरण गरिएको छ । गौरादह नगरपालिकाका उपप्रमुख एवं स्थानीय समन्वय समितिका संयोजक गिता भेटवाल र महिला बालबालिका शाखा प्रमुख तथा स्थानीय समन्वय समितिका सदस्यहरुको उपस्थितिमा ६ जनालाई रातो रङ्को क वर्गको, ५ जनालाई निलो ख वर्गको, २ जनालाई पँहेलो ग वर्गको र २ जनालाई सेतो घ वर्गको गरी १५ जना अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचय पत्र वितरण गरिएको थियो ।

